लेखापरीक्षण प्रतिवेदन

घिरिङ गाउँपालिका, तनहुँ

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

घिरिङ गाउँपालिका, तनहुँ

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश

काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/508

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,

घिरिङ्ग गाउँपालीका , गाउँ कार्यपालिकाको कार्यालय,

तनहूँ।

कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिकविवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणकोलेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन,बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु ९ करोड ५७ लाख ५० हजार र जिल्ला समन्वय समितिबाट प्राप्त रु २१ लाख सूत्रमा समावेश गरेको छैन।

२. गाउँपालिकाको रु. ९२ करोड ५६ लाख ७३ हजारको लेखापरीक्षण गरिएकोमा रू.२ करोड ८६ लाख १० हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.९९ लाख ३२ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१ लाख २८ हजार प्रमाण कागजात पेस गर्नुपर्ने रु. ८१ लाख १ हजार , नियमित गर्नुपर्ने रू.१ करोड ४ लाख ४८ हजार रहेको छ। गत वर्षसम्म रु. १२ करोड १० लाख ८७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १२ करोड ३० लाख १६ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षण को बेहोरा यसैसाथ संलग्न छ ।

३. पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षण सँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने तहाँ पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार रप्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं। यस पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ ।

अन्य बेहोरा

पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ ।त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजीवा त्रुटिका कारण सारभुत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ ।यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(राजेन्द्र राज ओझा)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

<table>
<tr><th colspan="3">प्रारम्भिक बेरुजु</th><th colspan="3">प्रतिक्रियाबाट फछ्र्यौट</th><th rowspan="3">प्रतिक्रियाबाट थप बेरुजु रकम</th><th colspan="3">बाँकी बेरुजु</th><th colspan="7">बेरुजु</th></tr>
<tr><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th>असुल गर्नु पर्ने</th><th colspan="5">नियमित गर्नुपर्ने</th><th>पेस्की</th></tr>
<tr><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th>असुल गर्नु पर्ने</th><th>अनियमित भएको</th><th>प्रमाण कागजात पेश नभएको</th><th>जिम्मेवारी नसारेको</th><th>सोधभर्ना नलिएको</th><th>जम्मा</th><th>पेस्की</th></tr>
<tr><td>४४</td><td>११३</td><td>२,८६,१०,०४८</td><td>०</td><td>१२</td><td>९९,३१,६८३</td><td>०</td><td>४४</td><td>१०१</td><td>१,८६,७८,३६५</td><td>१,२८,८६९</td><td>१,०४,४७,९२७</td><td>८१,०१,५६९</td><td>०</td><td>०</td><td>१,८५,४९,४९६</td><td>०</td></tr>
</table>

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फर्स्यौट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
तनहुँ	१२,१०,८७,६०१	०	१,६७,४८,९८०	१०,४३,३८,६२१	०	१,८६,७८,३६५	१२,३०,१६,९८६

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७८/७९	२९	पोशाक भत्ता	४९,५००
२	२०७९/८०	२१	बैंक रिकन्साइल स्टेटमेन्ट	१,८७,९०३
३	२०७९/८०	१७	पूँजीगत बजेटमा चालु तथा उपभोग खर्च	४९,४९,४९७
४	२०७९/८०	३७	नियमित गर्नुपर्ने व्यहोराहरु	९२,६१,४५१
५	२०७९/८०	३३	खरिदको पुष्ट्याइ	१,२१,०००
६	२०७९/८०	४७	उपभोक्ता समितिबाट बस्तु खरिद कार्य	२१,७९,६२९

७	२०८०/८१	३०	झर्रा खोला हिम पाईप उपभोक्ता समितिः	६२,१५०
८	२०८०/८१	१२	छात्रवृत्ति	४००
९	२०८०/८१	३६	गर्भवती महिलालाई पोषण सामाग्री वितरणमा बढी भुक्तानी	५,१००
१०	२०८०/८१	३१	कच्चावारी प्रमाणित नगरी भक्तानी	९८,३९,६१८
११	२०८०/८१	३५	असम्बन्धित खर्च	२३,२१५
१२	२०८०/८१	१७	बढी भुक्तानी	१,२००
जम्मा				२,६६,८०,६६४

(८०४३८५०३३०० - घिरिङ गाउँपालिका, तनहुँ)

परिचय

१ **परिचयः**

(क) स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस घिरिङ गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु घिरिङ पालिकाको उद्देश्य रहेको छ । यस घिरिङ गाउँपालिका अन्तर्गत ५ वडा, २९ सभा सदस्य, १२६ वर्ग किलोमिटर क्षेत्रफल तथा १४३३५ जना जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०७।३० देखि २०८१ ।०८।०४ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ७१५८३।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	सामाजिक सुरक्षा भत्ता वापत १० जनाको रु. ६५०५० कुमारी वैंकमा मौज्दात भएकोमा असुल गरि संचित कोषमा दाखिला गरीएको	६५०५०
२	कट्टा नभई १ जनाको वढी भुक्तानी भएको रु. ६५३३ असुल गरि संचित कोषमा दाखिला गरीएको	६५३३

पालिकाको एकीकृत आय व्यय यस प्रकार छ।

सिनं	विवरण	आयतर्फ		व्ययतर्फ	
	विवरण	रकम	रकम	विवरण	रकम
१	**गतबर्षकोजिम्मेवारी**			घिरिङ्गा.पा. चालु	८९१६६२३३.
	क. नगद	०.००	०.००	सशर्तअनुदानचालु	१५१३७५२२७.
	ख. बैंक	३५७८१४६२.०१		घिरिङ्गा.पा. पूँजिगत	९४८५३४३२.
	ग. विपदव्यवस्थापनकोष	६३६९२०.३३		सं.स.ह.का.सशर्तअ. पूँजिगत	१९९५५९१.
	घ. धरौटीसुरुमौज्दात	७६६३६१९.९७		सं.स.ह.का.विशेषअ. पूँजिगत	४०३४६४६.
				सं.स.ह.का.समपूरकअ. पूँजिगत	१४३१४२३८.
				प्र.स.ह.का.विशेषअ. पूँजिगत	१९५५४०६.
				प्र.स.ह.का.समपूरकअ. पूँजिगत	५८२७७३४.
			४४०८२००२.३१	बित्तियव्यवस्थाभुक्तानी	
२	**राजश्व (आन्तरिकआय)**		८०६०६३८०.५१	क. ऋणभुक्तानी	
	क.आन्तरिकराजश्व (आफ्नोमात्रै)	५०४४०८९.२१		ख. ब्याजभुक्तानी	
	ख. राजश्वबाँडफाँड (संघियसरकार)	६९३७००८८.०१		सामाजिकसुरक्षाखर्च	९५७५०१९५.
	ग. राजश्वबाँडफाँड (प्रदेशसरकार)	५७९३६२८.२९			
	घ. राजश्वबाँडफाँड (स्थानियसरकार)	०.००		लगानी	
	ङ. घरजग्गारजिष्ट्रेशनदस्तुर	३९८५७५.००		क. ऋणलगानी	
३	**बित्तियहस्तानान्तरण (संघ)**		२५३५२८६२१.६०	ख. अन्यलगानी	
	क. बित्तियसमानिकरणअनुदान	७८०२६९९९.६०			
	ख. शशर्तअनुदान	१६०७८४४८०.००		फिर्ताखर्च	
	ग. समपुरकअनुदान	१०२४५६५४.००		**धरौटीफिर्ता**	२२९५८००.
	घ. विशेषअनुदान	४४७१४८८.००			
४	**प्रदेशसरकारबाटप्राप्तअनुदान**		१५६२२९५०.००	शशर्तअनुदानफिर्ता	
	क. वित्तियसमानिकरणअनुदान	७९२०७५०.००		संघसरकारसशर्तअनुदान	८७४६९६१.
	ख. समपुरकअनुदान	४७०२२००.००		समपुरकसंघ	२६२७
	ग. विशेषअनुदान	२००००००.००		विशेषअनुदानसंघ	४३६८४
	घ. सशर्त	१००००००.००		प्रदेशसरकारशसर्तअनुदान	१००००
				प्रदेशसरकारसमपुरक	१५४९
				प्रदेशसरकारविशेष	४४५
५	अर्थबजेट			विपदव्यवस्थापनकोषखर्च	२८४०
६	अन्तरस्थानियतहबाटप्राप्त			कोषखर्च	०.
७	बित्तियव्यवस्थाप्राप्ती			क. नगदमौज्दात	०.
	क.ऋण/ साँवा/ व्याजप्राप्ती			**बैंकमौज्दात**	

	ख. अन्यप्राप्ती			क. संचितकोषखाता	१२७२८१४६.
८				ख. चालुखर्चखाता	०.
९	विषयगतनिकायबाटप्राप्तनगद			ग. पुँजिगतखर्चखाता	०.
१०	सामाजिकसुरक्षा	९५७५०१९५.८७	९५७५०१९५.८७	छ. विपदव्यवस्थापनकोष	३५२९२०.
११	एकिकृतस्वास्थ्यपूर्वाधारविकासकार्यक्रम			ङ. विविधखर्चखाता	७४२६
१२	धरौटीआय	५५६६४९९.००	५५६६४९९.००	च.कर्मचारीकल्याणकोष	०.
१३	जिल्लासमन्वयसमितिपछीप्राप्त	२१०००००.००	२१०००००.००	छ. धरौटीखाता	१०९३४३१८.
१४	अन्यप्राप्ति	०.००	०.००		
				साट्नबाँकीचेक	
	जम्मा	**४९७२५६६४९.२९**	**४९७२५६६४९.२९**	**जम्मा**	**४९७२५६६४९.**

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **कर संकलनः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	**अनुमान**	**असुली**	**असुली प्रतिशत**
एकीकृत सम्पत्ति कर	१,५०,०००	०	०
भूमिकर मालपोत	१२,००,०००	६५०१४६.९६	५४.२
घर बहाल कर	५०००००	१९६६१२.२०	३९.३२
सिफारिस दस्तुर	२०,००,०००	१७५६३७२.४०	८७.८२
घठना दर्ता	५०००००	८६३२००	१७२.६४
व्यवसायकर	१२,००,०००	१००००	०.८३
अन्य	५०१७४७३७.९९	१५६७७५७.६५	३.१३
जम्मा	५५७२४७३७.९९	**५०४४०८९.२१**	**९.१**

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष अनुमानको तुलनामा ९.१ प्रतिशत मात्र आन्तरिक आय संकलन गरेको देखिन्छ । अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ ।

३ **आन्तरिक आय र खर्चको विश्लेषणः**

स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तहले राजश्व व्यवस्थापन गर्दछ । पालिकाको यस आर्थिक वर्षको आन्तरिक आय र खर्चको विवरण देहाय बमोजिम रहेको छ ।

क्र.स.	आर्थिक वर्ष	आन्तरिक आय रु	पालिकाको जम्मा खर्च रु	आयको तुलनामा खर्चको प्रतिशत
१	२०८०।८१	५०४४०८९।२१	३६,३५,२२,५०८।३१	१.३८ प्रतिशत आन्तरिक आय पालिकाको कुल खर्चको तुलनामा प्रतिशत निर्धारण

पालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु ३६ करोड ३५ लाख २२ हजार रहेको छ भने राजश्व संकलन ५० लाख ४४ हजार गरेको छ । पालिकाको आन्तरिक आय खर्चको तुलनामा १.३८ प्रतिशत हुन आउँछ । खर्चको तुलनामा आन्तरिक आय न्यून रहेको देखिएकोले पालिकाले आन्तरिक आय बढाउन तर्फ ध्यान दिनुपर्दछ ।

४ **राजस्व लक्ष्य तथा असुलीः**

पालिकाको आर्थिक ऐन,२०८० तथा पालिकाको नीति तथा कार्यक्रममा राजस्व प्रणालीलाई सुचनामैत्री, सुद्बद वनाउने,करका दर तथा दायरा वृद्धि तथा नीतिमा पुनरावलोकन, आन्तरिक आयलाई वैज्ञानिक वनाउने उल्लेख गरेको छ । पालिकाको विगत ३ वर्षको राजस्व लक्ष्य तथा असुली अवस्था देहायअनुसार रहेको छ ।

(रु हजारमा)

आर्थिक वर्ष २०७८।०७९		आर्थिक वर्ष २०७९।०८०		आर्थिक वर्ष २०८०।०८१	
लक्ष्य	असुली	लक्ष्य	असुली	लक्ष्य	असुली
१५०००	३५७२	८८९०	४५५७	५५७२४	५०४४

उपरोक्तानुसार आर्थिक वर्ष २०७८।७९ मा लक्ष्यको तुलनामा २४ प्रतिशत, २०७९।८० मा ५१ प्रतिशत र आर्थिक वर्ष २०८०।८१ मा लक्ष्यको तुलनामा ९.१ प्रतिशत असुली भएको अवस्था छ । विगत ३ वर्षको तथ्यांक हेर्दा आर्थिक वर्ष २०७९।८० मा सामान्य वृद्धि भएकोमा पछिल्लो वर्ष लक्ष्यको तुलनामा ९ प्रतिशत अर्थात न्युन असुलि भएको छ । निरन्तर राजस्व घट्नुका कारणहरु पहिचान गरी वार्षिक वजेट तथा नीति तथा कार्यक्रममा उल्लेख भएका विषयलाई संवोधन गरी वस्तुनिष्ठ राजस्व प्रक्षेपण तथा असुलीमा जोड दिनुपर्दछ ।

५ **घरभाडा आम्दानीः**

पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० वमोजिम कुनै व्यक्ति वा संस्थाले भवन,घर, पसल, ग्यारेज,वर्कसप, गोदाम भाडामा लगाएमा अनुसुची २ वमोजिम १० प्रतिशत कर लगाईने उल्लेख छ । यस वर्ष सम्म पालिका भित्र के कति घरधनी दर्ता भएको छन एकीकृत लगत विवरण उपलव्ध हुन सकेन । घरभाडा वापत पालिकाले रु. ५ लाख असुल गर्ने लक्ष्य राखेकोमा रु. १ लाख ९६ हजार ६१२ अर्थात ३९.३२ प्रतिशत मात्र असुली भई लक्ष्य अनुसारको राजस्व असुल भएको पाईएन । घरवहाल कर स्थानीय तहको प्रमुख आर्थिक स्रोत हो तर घरवहाल करमा पालिकाले घरभाडा कर तिर्ने करदाताको म्यापिङ(Mapping) गरेको देखिएन । साथै कति करदाताले घरभाडा कर दाखिला गरे नगरेको समेत एकिकृत लगत सिस्टमवाट देखिदैन । घरवहाल करलाई करको दायरामा ल्याई राजस्वको दायरा विस्तार गर्नुपर्दछ ।

६ **नक्सापासः**

पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा ६ वमोजिम पालिका क्षेत्र भित्र नक्सापास दस्तुर लगाईने उल्लेख छ । हालसम्म के कति घरधनीहरुले नक्सापास गरेका छन र वाँकी कतिले दायरामा आएका छन् स्पष्ट रेकर्ड नै नभएकोले विश्लेषण गर्न सकिएन । पालिकाले घरनक्सापास कार्यान्वियन नै भएको छैन, मापदण्ड वनाई नक्सापास कार्यान्वियन गर्नुपर्दछ ।

७ **व्यवसायकरः**

पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को अनुसुची ३ वमोजिम पालिका क्षेत्र भित्र व्यवसायकर लगाईने उल्लेख छ ।यस पालिकाको कार्यक्षेत्रभित्र कति करदाता व्यवसायकरमा दर्ता भएको छन् कुनै स्पष्ट रेकर्ड नै नभएकोले पालिकाले तथ्यङ्क व्यवस्थापनमा विशेष जोड दिन आवश्यक छ ।

८ कन्टिनजेन्सी खर्चः

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा कन्टिन्जेन्सी कट्टा गर्नुपर्ने सम्वन्धि व्यवस्था रहको छ। पालिकाले यस वर्ष विभिन्न शिर्षकमा रु. १ लाख ७९ हजार ७६७ कन्टिन्जेन्सी खर्च गरेको छ। खर्च लेख्दा अधिकांशमा खर्चको पुष्ट्याई बेगर केवल बिल भरपाईका आधारमा मात्रै खर्च लेखेकोले खर्चको उद्देश्य र यथार्थतामा यकिन भएन। खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर मात्रै कन्टिन्जेन्सी खर्च गर्नुपर्दछ ।

कन्टिन्जेन्सी रकमको विवरण	**खर्च रकम**
दैनिक भ्रमण	१२,०००
कन्सल्टेन्टको पारिश्रमिक	९४,३०७
फिल्ड भत्ता	२६,०००
ल्याव टेष्ट	४७,४६०
जम्मा रकम	१,७९,७६७

९ सफ्टवेयर/परामर्श खरिदः

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ३९ वमोजिम सेवा परामर्श विधिवाट गर्न सकिनेछ । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

क्र स	योजनाको नाम	परामर्श दाताको नाम	रकम	विधि
१	संस्था, व्यवसाय तथा उद्योग व्यवस्थापन प्रणाली सफ्टवेयर	स्पाइल टेक्नोलोजिज प्रा.लि.	४,९४,९४०	कोटेशन
२	एकिकृत अनुदान व्यवस्थापन प्रणाली सफ्टवेयर	कोड फ्यूजन टेक्नोलोजिज	४,९७,७६५	कोटेसन
३	नागारिक बडा पत्र (वडा न. (४ र ५)	सफ्टवेर हब नेपाल	९,९५,७५६	शिलवन्दी कोटेशन
४	MTMF	जेलवेल इनोभेटीभ प्रा.लि	४,९७,२००	शिलवन्दी कोटेशन
५	Disaster management response Plan	फोर जी ईन्जिनियरिंग	७,९४,३९०	शिलवन्दी कोटेशन
	जम्मा		३२,८०,०५१	

उपरोक्त विवरण अनुसार पालिकाले परामर्श सेवा कार्यमा ५ वटा सेवा खरिदका लागि जम्मा रु. ३३ लाख ९७ हजार ०१४ को लागत अनुमान तयार गरी सम्झौता अनुसार रु. ३२ लाख ८० हजार ०५१ भुक्तानी गरेको छ । पालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परार्मश सेवा खरिद गर्नुपर्दाको अवस्थामा प्रतिस्पर्धात्मक विधिको अवलम्बन गरी सार्वजनिक खर्चमा अधिकतम् मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१० डि.पि.आर तयारी तथा कार्यान्वयनः

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ३९ वमोजिम सेवा परामर्श विधिवाट गर्न सकिनेछ । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

क्र.स.	योजनाको नाम	खर्च रकम	परामर्श दाताको नाम	बजेट उ.शिर्षक	गौ.भौचर नम्बर	बिधि
१	विभिन्न बाटाहरु	१०७६९९७	रोयल एक्सिस ई.सोलुशन	घिरिंङ चालु	६५५	शिलवन्दी कोटेशन
२	बालिघाट धार्मिक पार्क	४८९२९०	इन्फ्रा डेभलप कन्सल्ट प्रा.लि.	घिरिंङ चालु	६५३	शिलवन्दी कोटेशन
३.	घिरिङ कोट धार्मिक संग्रालय	३९२११०	युज भि ईन्जिनियरिंग	घिरिंङ चालु	६५२	शिलवन्दी कोटेशन
४.	शालिकराम संग्रालय तथा धार्मिक पार्क	४९०९८६	सियरा ईन्जिनियरिंग कन्सल्ट प्रा.लि.	घिरिंङ चालु	६५७	शिलवन्दी कोटेशन
५.	सतिघाट धार्मिक पार्क	४८९०००	त्रैलोक्य शोलुशन एण्ड कन्सलटयानट	घिरिंङ चालु	६५६	शिलवन्दी कोटेशन
	जम्मा	२९३८३८२				

उपरोक्त विवरण अनुसार पालिकाले डि. पि. आर. तयारीमा सेवा कार्यमा शिलवन्दी विधिबाट ५ वटा सेवा खरिदका लागि जम्मा रु. ३० लाख ८१ हजार २३९ को लागत अनुमान तयार गरी सम्झौता अनुसार रु. २९ लाख ३८ हजार ३८२ भुक्तानी गरेको छ । उक्त खरिद गर्दा लागत अनुमानको तुलनामा औसतमा ४.६३ प्रतिशत कम रकममा खरिद सम्झौता भएको देखिन्छ । पालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परामर्श सेवा खरिद गर्नुपर्दाको अवस्थामा प्रतिस्पर्धात्मक विधिको अवलम्बन गरी सार्वजनिक खर्चमा अधिकतम् मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

११ **ईन्टरनेट जडान :**

कार्यक्रम कार्यन्वयन पुस्तीका २०८०।०८१ को व्यवस्था अनुसार पालिका भित्रका ३७ विद्यालयमा ईन्टरनेट जडानका लागी प्रति विद्यालय रु.१२ हजार का दरले जम्मा रु. ४४४०००।- अनुदान भुक्तानी भएकोमा सम्वन्धित विद्यालयको ईन्टरनेट जडान भएको बिल पेश नहुनुको साथै पालिकाले अनुगमन गरेको समेत नपाईएकोले सो को प्रमाण पेश गर्नुपर्ने रु

(विस्तृत विवरण बेरूजु दफा ११ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	४,४४,०००

१२ **छात्रवृत्ति :**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०/०८१ को क्रियाकलाप नं.७.२.१.१ (क) अनुसार ग्रैह्र आवासीय प्रकृतिका छात्रवृत्ति विधालयको मागका आधारमा तेस्रो त्रैमासिकमा विधालयहरुलाई अनुदान दिने र विधालयले शैक्षिक सत्र शुरु भएको दुई महिना भित्र विधार्थिलाई वितरण गरिसक्नुपर्ने एवम स्थानीय तहले विधालयले छात्रवृत्ति वितरण गरेको भरपाई तथा समग्र कार्यक्रमको प्रभावकारिता अनुगमन गर्ने उल्लेख भएकोमा लेखापरीक्षणको क्रममा नमुना छनौटको आधारमा परीक्षण गर्दा पालिकाले देहायका विधालयलाई IEMIS मा भएका वास्तविक विधार्थि संख्या भन्दा दलित बिधार्थिको छात्रवृत्ति बढीको दरले निकासा भएकोले बढी निकासा भएको रकम सम्बन्धित विधालयबाट असुल हुनुपर्ने रु

क्र.सं	विधालयको नाम	EMIS विधार्थि संख्या	दिएको विधार्थि संख्या	वढी विधार्थि संख्या	दर	रकम
१	कृष्ण माध्यमिक विधालय,घिरिङ -१	८०	९८	१८	४००	७२००
२	कालिका देवि प्राथमिक विधालय,घिरिङ -४	०	१	१	४००	४००
३	सरस्वति आधारभुत विधालय, घिरिङ -१	३१	३३	२	४००	८००
					जम्मा	८४००।-

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	८,४००

१३ **स्यानिटरी प्याड :**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ९२५ जना रहेका छन। पालिकाले भौ.नं.५१।२०८१-१-२४ बाट ९०९१ थान स्यानिटरी प्याड रु.७९७१७१।०० (मु अ कर समेत) मा खरिद गरेको छ। खरिद गरेको स्यानिटरी प्याड विधालयलाई वितरण गरिएको भएता पनि पालिकाद्धारा विधालयमा उक्त प्याडको ब्यबस्थापन र वितरण सम्बन्धमा अनुगमन गरी वास्तविक रुपमा बिधार्थिहरुबाट प्रयोग भएको सुनिश्चित गर्नुपर्दछ ।

१४ **शिक्षक विधार्थि अनुपात :**

स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । विद्यालय समायोजन कार्यान्वियन निर्देशिका, २०७० ले जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिको निर्णयले न्यून विद्यार्थी भएका विद्यालयलाई अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्नसक्ने उल्लेख छ। निर्देशिकाको बुँदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वियनका लागी विद्यालयको तथ्याङ्क संकलगन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। यस पालिका अन्तर्गत रहेका ३६ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार देहायका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ ।

क्र.सं	विधालयको नाम	शिक्षक संख्या	विधार्थि संख्या	शिक्षक विधार्थी अनुपात
१	श्री चन्द्र ज्योति माध्यमिक विधालय	१८	४९७	२८
२	श्री कृष्ण माध्यमिक विधालय	१९	३९९	२१
३	श्री सरस्वती माध्यमिक विधालय	१६	३१९	२०
४	श्री कामधेनू माध्यमिक विधालय	१०	३३२	३३
५	श्री महेन्द्र ज्योति माध्यमिक विधालय	८	३३०	४१
६	श्री राष्ट्रिय माध्यमिक विधालय	११	१०७	१०
७	श्री दिपक माध्यमिक विधालय	१२	१३४	११
८	श्री सरस्वती आधारभूत विधालय	९	४१	५
९	श्री विष्णू आधारभूत विधालय	७	१०४	१५
१०	श्री कृष्णगंगा आधारभूत विधालय	८	५९	७
११	श्री पशूपतिनाथ प्राथमिक विधालय	३	२३	८
१२	श्री सरस्वती प्राथमिक विधालय	३	३६	१२
१३	श्री भैरव प्राथमिक विधालय	४	२४	६
१४	श्री गूदीभञ्ज्याङ प्राथमिक विधालय	३	४८	१६
१५	श्री चण्डी प्राथमिक विधालय	५	३७	७
१६	श्री जयनेपाल प्राथमिक विधालय	३	४८	१६
१७	श्री राजपूर प्राथमिक विधालय	३	९०	३०
१८	श्री कल्याणदेवी प्राथमिक विधालय	३	४०	१३
१९	श्री पार्वती प्राथमिक विधालय	४	२८	७
२०	श्री बूद्धि प्राथमिक विधालय	४	४०	१०
२१	श्री कालिका प्राथमिक विधालय	२	५	३
२२	श्री जलबाराही प्राथमिक विधालय	१	१०	१०
२३	श्री सृजना प्राथमिक विधालय	२	२०	१०
२४	श्री कृष्णगंगा प्राथमिक विधालय	२	१०	५
२५	श्री लक्ष्मी प्राथमिक विधालय	२	३२	१६
२६	श्री सत्यदेवी प्राथमिक विधालय	२	२४	१२
२७	श्री भैरव प्राथमिक विधालय	२	४५	२३
२८	श्री मोति प्राथमिक विधालय	२	२६	१३
२९	श्री राधाकृष्ण प्राथमिक विधालय	२	१०	५
३०	श्री जलदेवी प्राथमिक विधालय	२	२३	१२

३१	श्री कालिकादेवी प्राथमिक विधालय	२	२३	१२
३२	श्री जनप्रिय प्राथमिक विधालय	२	१८	९
३३	श्री थानीवन प्राथमिक विधालय	२	१३	७
३४	श्री थानी प्राथमिक विधालय	१	२२	२२
३५	श्री अकलादेवी प्राथमिक विधालय	२	३५	१८
३६	श्री बालज्योति प्राथमिक विधालय	२	७	४
	जम्मा	१८३	३०५९	१७

१५ **विद्यालयको अनुगमन नियमन व्यवस्था :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन । जसबाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने तर्फ ध्यान दिनुपर्दछ । साथै पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनुपर्दछ ।

१६ **शिक्षक दरवन्दी र पदपूर्ति :**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विधालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको ब्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३६ सामुदायिक विधालयहरुको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विधार्थिको संख्या निम्नानुसार रहेको देखिन्छ ।

विधालयको किसिम	दरबन्दी संख्या	स्थायी पदपूर्ति	पदपूर्ति मध्ये राहत / करार	रिक्त दरबन्दी	बिधार्थि संख्या
सामुदायिक	१८३	६	१९	१५८	३०५९

उक्त विवरण अनुसार पालिकामा जम्मा १८३ दरबन्दी रहेकोमा ६ जना स्थायी पदपूर्ति र १९ राहत / करारमा नियुक्त गरी जम्मा २५ पदपुर्ति गरेको देखिन्छ भने १५८ पद रिक्त रहेको छ। पालिकाले विधालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ति गरी सामुदायिक विधालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१७ **बढी भुक्तानी :**

माध्यमिक, आधारभुत तहका स्वीकृत दरबन्दी शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान र प्रारम्भिक बालविकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालयका कर्मचारी व्यवस्थापन अनुदान शिर्षक अन्तर्गतका ३६ वटा विद्यालयका शिक्षक तथा कर्मचारीलाई बिधालयबाट प्राप्त माग फारमका आधारमा निकासा दिनुपर्नेमा लेखापरीक्षणको क्रममा नमुना छनौटको आधारमा परिक्षण गर्दा देहायका विद्यालयहरुमा प्रथम र द्धितिय त्रैमासिक गरी जम्मा रु.५२९४०।- बढी निकासा भएको रकम असुल गर्नुपर्दछ । साथै अन्य विद्यालयको हकमा पालिकाबाट एकिन गरी बढी निकासा भएको रकम फिर्ता गरी सँघीय सञ्चित कोष दाखिला हुनुपर्ने रु

क्र.सं	बिधालयको नाम	चौमासिक निकासा	निकासा भएको	निकासा हुनुपर्ने	बढी निकासा
१	कालिका देवि प्राथमिक विधालय,घिरिङ-३	प्रथम	३०७८१६	२५५४७६	५२३४०
२	जल बाराही आधारभूत विधालय,घिरीङ-५	द्धितिय	१४०९७६	१४०३७६	६००
				जम्मा	५२९४०।००

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	५२,९४०

१८ **पाठ्यपुस्तकः**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ अनुसार पालिकाले सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थी हरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान उपलव्ध गराएकोमा निम्न विधालय लाई पाठयपुस्तक वापत रु.५२३२३८।– निकासा भएकोमा लेखापरीक्षण अवधि सम्म पनि पाठ्यपुस्तक खरिद गरेको बिल र बिधार्थिलाई बुझाएको भरपाई पेश गरेको नपाईएकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

विधालयको नाम	निकासा रकम
सरस्वती माध्यमिक विधालय,घिरिङ	२७१३६६
कृष्ण माध्यमिक विधालय, घिरिङ	२५१८७२
जम्मा	५२३२३८।-

प्रमाण पेश नगरेको	५,२३,२३८

१९ **विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान :**

कार्यक्रम कार्यन्वयन पुस्तीका २०८०।०८१ को क्रियाकलाप नं २.७.१३.१३ मा भएको व्यवस्था अनुसार पालिका भित्रका विद्यालयबाट छनोट गरी पुस्तकालय, **ICT** र विज्ञान प्रयोगशाला वापत रु. ६ लाख ५० हजार अनुदान दिने व्यवस्था रहेको छ । त्यस अनुदान रकमबाट कार्य सम्पन्न गरी कार्यसम्पन्न प्रतिवेदन लगायत कर दाखिला भौचर सम्बन्धित स्थानिय तहलाई बुझाउनु पर्दछ। पालिकाले निम्न विद्यालयलाई विज्ञान प्रयोगशाला पुस्तकालय र आई सि टी ल्यावका लागी लागि रु.१२९७६५०।- अनुदान दिएकोमा विद्यालयले आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम अग्रिम कर कट्टा नगरी खर्च गरेकोले सम्वन्धित विद्यालयवाट १.५ प्रतिशतले हुन आउने अग्रिम कर असुल गरि संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु

बिधालयको नाम	विवरण	अनुदान रकम	अग्रिम कर (१.५%)
राष्ट्रिय माध्यमिक विधालय, घिरिङ - २	बिज्ञान प्रयोगशाला ब्यबस्थापन	६४७९००	९७१८।-
कृष्ण माध्यमिक विधालय, घिरिङ - १	ICT ब्यबस्थापन	६४९७५०	९७४६।-
		जम्मा	१९४६४।-

असुल गर्नुपर्ने	१९,४६४

२० **सिकाई सामाग्री तथा डिजिटल सामाग्री व्यवस्थापन :**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.५० अनुसार पालिकाले प्रति विधार्थी लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सामाग्री व्यवस्थापनका लागी भौ.नं ६२।२०८१-२-२० बाट ३७ विधालयलाई रु.६४८५५०।००

अनुदान दिएको छ। उक्त कार्यान्वियन पुस्तिका अनुसार विधालयले उक्त अनुदान खर्च गरी प्रगति प्रतिवेदन पेश गर्नुपर्ने व्यबस्था रहेकोमा ३० विधालयहरुले लेखापरीक्षण अवधि सम्म पनि प्रगति प्रतिवेदन पेश नगरेकोले प्रगति प्रतिवेदन पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने

क्र.सं.	विद्यालयको नाम	रकम
१	चन्द्र ज्योती माध्यमिक विधालय	९००००
२	कृष्ण माध्यमिक विधालय	७६१००
३	सरस्वती माध्यमिक विधालय	६१०५०
४	कामधेनु माध्यमिक विधालय	६८४००
५	महेन्द्र ज्योति माध्यमिक विधालय	७०३५०
६	विष्णु आधारभुत विधालय	७६००
७	सरस्वती आधारभुत विधालय	२१२००
८	कृष्ण गंगा आधारभुत विधालय	११०००
९	जय नेपाल प्राथमिक विधालय	३९५०
१०	गुदी भन्ज्याङ्ग प्राथमिक विधालय	८९००
११	कल्याण देवी प्राथमिक विधालय	४५००
१२	चण्डी प्राथमिक विधालय	१३७५०
१३	बुद्धि प्राथमिक विधालय	११३००
१४	पार्वति प्राथमिक विधालय	२३५५०
१५	भैरव प्राथमिक विधालय	१०१००
१६	सरस्वति प्राथमिक विधालय	७७५०
१७	राजपुर प्राथमिक विधालय	१११००
१८	कालीका देवी प्राथमिक विधालय	१९००
१९	सृजना प्राथमिक विधालय	९६५०
२०	भैरवी प्राथमिक विधालय	६५५०
२१	मोती प्राथमिक विधालय	८३००
२२	राधाकृष्ण प्राथमिक विधालय	२२००
२३	जल बराही प्राथमिक विधालय	५२५०
२४	थानी प्राथमिक विधालय	४८५०
२५	सत्यदेवी प्राथमिक विधालय	२६५०
२६	लक्ष्मी प्राथमिक विधालय	४७००
२७	बालज्योति आधारभुत विधालय	११५५०
२८	थानी वन प्राथमिक विधालय	१६५०
२९	रो अल्बर्ट बाल विकास केन्द्र	५०००
३०	अकला देवी प्राथमिक विधालय	३८००

	जम्मा	५६८६५०।००

प्रमाण पेश नगरेको	५,६८,६५०

२१ **औषधी खरिदः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । स्थानीय तहले विभिन्न फर्मवाट औषधिहरु खरिद गरेको छ। यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छनः

• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति,ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको,

• एउटै फर्मवाट एकमुष्ट खरिद नगरि टुक्रा पारि खरिद गर्ने गरेको,

पालिकाले निर्देशिका अनुसार औषधि खरिद कार्यलाई व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

गो.भौ.नं र मिति	आपुर्तिकर्ता	खरिद विधि	रकम
१२२ - ०८१।३।१९	हेल्पिङ्ग हेल्थ पोलीक्लिनिक प्रा.लि., मैतिदेवी	ई- विडिङ्ग	७,७९,९१६
१३३ – ०८१।३।२१	चेरिस ट्रेड कन्सर्न , टोखा काठमाण्डौ	सोझै	१३,५६०
१०४ – ०८१।३।१६	कविर मेडिको कन्सर्न, वुटवल रुपन्देही	कोटेशन	३,००,०००

२२ **अतरौली शित भण्डार भवन निर्माणः(NCB.)**

२२.१ पालिकाले यस योजनाको निर्माण कार्य गर्नुपूर्व २०२१ फेव्रुअरी मा विस्तृत आयोजना प्रतिवेदन(डि.पि.आर) स्वीकृत गरेको छ । स्पेकमा Vapour absoption system 10 *c, PUF panel thikness 100 MM, Minimum dimention 14*10* 10ft, tempreture reauirement 4*C, Humility of storage space हावामा पानीको मात्रा(९० देखि ९५), Insulate tempreture 60 MM PUF र refrigeration capacity 30000 Btu/Ltr हुनुपर्ने उल्लेख गरेको छ। निर्माण व्यवसायीले पालिकालाई मिति २०८०।०६।०२ मा यस विषयमा पत्राचार गरी निश्चित गुणस्तरको भएकोमा आशंका व्यक्त गरी स्टाण्डर्ड अनुसार भए नभएको चेकजाँच गरी निर्णय दिनको लागि आग्रह गरेकोमा पालिकाले मेकानिकल ईन्जिनियर नविन चन्द्र वाग्ले लाई नियुक्त गरी कण्टिन्जेन्सीवाट ९४३०७।०० भुक्तानी गरेको छ । निज प्राविधिकले स्पेशिफिकेशनमा उल्लेख भएवमोजिमको उपकरणहरु जडान र निर्धारित गुणस्तर भए नभएको जाँच गर्नुपर्नेमा सो भए नभएको कुनै राय व्यक्त गरेको देखिएन । तसर्थ माथि उल्लेख भएको मापदण्डमा शीतभण्डार निर्माण भए नभएको सुनिश्चतता गरी प्रतिवेदन पेश हुनुपर्दछ ।

२२.२ GCC 19.1 ठेक्का सम्झौतामा अनिवार्य(निर्माण सामग्री, मेशिन, उपकरण लगायत) कवोल अंकको ११५ प्रतिशत खाम्ने गरी विमाको प्रमाण पेश गर्नुपर्नेमा वि ओ क्युमा विमा नराखी सम्झौता गरेकोले । योजना कार्यान्वयनको क्रममा कुनै जोखिमवाट क्षति भएमा पुनर्भरण गर्ने कानुनी आधार नभएको देखिन्छ । तसर्थ २० लाख भन्दा वढीको निर्माण कार्यमा अनिवार्य विमा सम्वन्धी प्रावधान राखी सम्झौता गर्नुपर्दछ ।

२२.३ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०(क) वमोजिम निर्धारित समयभित्र निर्माण कार्य सम्पन्न नभएमा रिभाईज वर्क सेड्युल माग गर्नुपर्ने र थप व्ययभार नपर्ने गरी माईलस्टोन तोकी म्याद थप हुनुपर्नेमा सो नगरी थप गरेको छ । नियमावलीको पालना हुनुपर्दछ ।

२२.४ क) यस पालिकाले वडा नं २ स्थित रु.२ करोड १० लाख ८८ हजारको लागतमा शित भण्डार निर्माण गर्ने उदेश्यले आर.एण्ड सि.यस कश्यप जेभी. संग मिति २०७८।०८।१४ मा निर्माण सम्झौता गरेको देखियो । उक्त शितभण्डार निर्माण स्थल सार्वजनिक जग्गामा निर्माण भएको तर निर्माण पूर्व नेपाल सरकारको सहमति लिई कार्य नगरेकोले पालिकाको स्वामित्वमा उक्त जग्गा प्राप्त भएको देखिएन । यस सम्वन्धमा पालिकामा सोधपुछ गर्दा सार्वजनिक जग्गामा निर्माण भएको जनाएको तर कुनै आधिकारीक प्रमाण पेश गरेको देखिएन। अत: जग्गा शुनिश्चित नभई वा जग्गाधनी पूर्जा वेगर पर्ति जग्गामा भवन निर्माण भएको नियम संगत देखिएन। पालिकाले जग्गा प्राप्ती गरी निर्माण भएको भवन आफ्नो नाममा कायम गर्नुपर्दछ ।

ख) यस पालिकाले वडा नं २ स्थित रु.२ करोड १० लाख ८८ हजारको लागतमा शित भण्डार निर्माण गर्ने उदेश्यले आर.एण्ड सि.यस कश्यप जेभी. संग मिति २०७८।०८।१४ मा निर्माण सम्झौता गरेको देखियो । पालिकाले यस योजनाको निर्माण कार्य गर्नुपूर्व २०२१ फेव्रुअरी मा विस्तृत आयोजना प्रतिवेदन(डि.पि.आर) स्वीकृत गरेको छ । स्पेकमा Vapour absoption system 10 *c, PUF panel thikness 100 MM, Minimum dimention 14*10* 10ft, tempreture reauirement 4*C, Humility of storage space हावामा पानीको मात्रा(९० देखि ९५), Insulate tempreture 60 MM PUF र refrigeration capacity 30000 Btu/Ltr हुनुपर्ने उल्लेख गरेको छ। निर्माण व्यवसायीले पालिकालाई मिति २०८०।०६।०२ मा यस विषयमा पत्राचार गरी निश्चित गुणस्तरको भएकोमा आशंका व्यक्त गरी स्टाण्डर्ड अनुसार भए नभएको चेकजाँच गरी निर्णय दिनको लागि आग्रह गरेकोमा पालिकाले मेकानिकल ईन्जिनियर नविन चन्द्र वाग्ले लाई नियुक्त गरी कण्टिन्जेन्सीवाट ९४३०७।०० भुक्तानी गरेको छ । निज प्राविधिकले स्पेशिफिकेशनमा उल्लेख भएवमोजिमको उपकरणहरु जडान र निर्धारित गुणस्तर भए नभएको जाँच गर्नुपर्नेमा सो भए नभएको कुनै राय व्यक्त गरेको देखिएन । तसर्थ माथि उल्लेख भएको मापदण्डमा शीतभण्डार निर्माण भए नभएको सुनिश्चतता गरी प्रतिवेदन पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	४०,००,०००

२२.५ GCC ७१.१ मा निर्माण व्यवसायीले निर्माण सम्पन्न भएपछि एजविल्ड ड्रईङ पेश गर्नुपर्ने र पेश नगरेमा केही रकम कट्टा गर्नुपर्नेमा यस ठेक्कामा त्यस्तो व्यवस्था राखेको पाईएन । सम्झौतामा नै सो प्रावधान राखी पेश नगरेमा निजले पाउने रकमवाट कट्टा गरी वांकी रकम भुक्तानी हुनुपर्दछ ।

२३ ठेक्का बन्दोवस्तः

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७९ को नियम १५(७)मा खरिद पूर्वतयारीदेखि बोलपत्र आव्हानसम्मका खरिद व्यवस्थापन सम्वन्धी कार्य प्रथम त्रैमासिक अवधिभित्र सम्पन्न गर्नेगरी बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छः

(रु हजारमा)

कार्यक्रम/ शीर्षक	खरिद सम्झौता								यस बर्ष सम्पन्न	
	कुल जम्मा		प्रथम चौमासिक		दोस्रो चौमासिक		तेस्रो चौमासिक			
	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
बोलपत्रबाट	१०	८६४११	५	६८८४४	२	१०२२०	३	६२९७	३	२२१७९
सेनीटरी प्याड	१	७९७							१	७९७
औषधी	१	८८१							१	८८१
		८८०८९								२३८५७

उल्लेखित विवरण अनुसार यो वर्ष पालिकाले विभिन्न कार्यको लागी रू. ८ करोड ८० लाख ८९ हजार लागतको १२ ठेक्का वन्दोवस्त गरेकोमा प्रथम चौमासिकमा रू. ६ करोड ८८ लाखको ५ ठेक्का व्यवस्थापन भएको, दोश्रो चौमासिकमा रू. १ करोड २२ लाखको २

वटा टेक्का र तेश्रो चौमासिकमा रू. ६२ लाख ९७ हजारको ३ ठेक्का व्यवस्थापन भएको देखिन्छ । यो वर्ष भएको ठेक्का व्यवस्थापन मध्ये वर्षान्त सम्ममा रू. २ करोड ३८ लाख ५७ हजार बराबरको ५ ठेक्का मात्र सम्पन्न भएको अवस्था छ । यसरी अन्तिम चौमासिक वा वर्षान्तमा बढी कार्यक्रम सञ्चालन गर्दा आउन सक्ने नकारात्मक स्थिति तर्फ ध्यान दिनुपर्दछ ।

२४ **घुमाउने ताल निर्माण योजनाः**

NCB/GRM/2080.81 सार्वजनिक खरिद ऐन २०६३ अनुसार वहुवर्षिय ठेक्का लाग्नुपूर्व स्रोत सुनिश्चितता गरी मात्र ठेक्का व्यवस्थापन गर्नुपर्दछ । पर्यटक भित्र्याउने, सिचाई गर्ने, विद्युत उत्पादन गर्ने, र्याफ्टिङ र फिसिङ(व्यापार व्यवसाय) गर्ने उदेश्यले यस गाँउपालिकाको वडा नं ३ मा घुमाउने ताल निर्माण कार्यको लागि २०७६ मा विस्तृत आयोजना प्रतिवेदन स्वीकृत गरेको छ ।आयोजना सम्पन्न हुंदा रु. १३ करोड ६९ लाख ९ हजार लाग्ने उल्लेख गरको छ । यस योजनाको लागि स्रोत सुनिश्चितता नभई निर्माण कार्य शुरु गरी प्रत्येक वर्ष योजना टुक्राई(स्लाईसिङ) गरी विभिन्न खण्ड खण्डमा काम गरेको छ । हालसम्म यस योजनाको लागि पालिकाको आफ्नै स्रोतवाट रु २ करोड ४२ लाख ९७ हजार खर्च गरेको छ । यहि हिसावले गणना गर्दा योजनाले वजेटको अभाव हुंदा निर्माण शुरु भएको ५ वर्षमा Upstream floor, spillway को sher leeg सहित केही भागको काम गरी जम्मा प्रगति १७ प्रतिशत मात्र भएको छ । यहि प्रवृतिमा आयोजना कार्यान्वियन हुंदा ३० वर्षमा पनि सम्पन्न हुने देखिदैन । पालिकाले ठेक्का लाग्नु पूर्व पर्याप्त स्रोतको व्यवस्था गरी सार्वजनिक वित्तका विभिन्न मोडल अपनाई(विकास साझेदार) संग समन्वय सहकार्य गरी वित्त परिचालन र सञ्चालनको मोडालिटी लागत लाभ विश्लेषण गरीकन गर्नुपर्नेमा हतारमा कार्य गर्दा योजना अलपत्र पर्ने र लगानी जोखिममा पर्ने हुंदा । सार्वजनिक खरिद ऐनको पालना गरी यस योजनालाई सम्पन्न गरी वहुउद्येश्य परिपूर्ति गर्नमा पालिकाको ध्यान जानुपर्दछ ।

२५ **ठेक्का व्यवस्थापनमा विमाः**

GCC 19.1 ठेक्का सम्झौतामा अनिवार्य(निर्माण सामग्री, मेशिन, उपकरण लगायत) कवोल अंकको ११५ प्रतिशत खाम्ने गरी विमाको प्रमाण पेश गर्नुपर्नेमा वि ओ क्युमा विमा नराखी यस वर्ष व्यवस्थापन भएका कुनै पनि ठेक्कामा यस प्रावधान नराखी सम्झौता गरेको छ । ठेक्का सम्झौतामा विमा सम्वन्धी व्यवस्था नराखी कार्य गरेकोले उक्त योजनाहरुमा आईपर्ने जोखिमवाट क्षति भएमा पुनर्भरण गर्ने कानुनी आधार नभएको देखिन्छ । तसर्थ २० लाख भन्दा वढीको निर्माण कार्यमा अनिवार्य विमा सम्वन्धी प्रावधान राखी सम्झौता गर्नुपर्दछ ।

क्र . स .	ठेक्काको नाम	ठेक्का नम्बर / कोड	सम्झौता रकम	फर्म/कम्पनी
१	वडा कार्यालय भवन निर्माण	02/ NCB/WORKS/GRM/2080-81	८३९७२९५.४४	सापकोटा निर्माण सेवा
२	चन्द्रज्योति ४ कोठे भवन निर्माण	07/ NCB/WORKS/GRM/2080-81	७०३४०८७.३	माता नवदुर्गा कन्स्ट्रक्सन
३	गाउँपालिका प्रशासकीय भवन तला थप	09/ NCB/WORKS/GRM/2080-81	११४९३९५६.८५१	सहयोगी कन्ट्राकटर
४	पशुपति मोटर मार्ग (दोस्रो खण्ड)	11/ NCB/WORKS/GRM/2080-81	२८५८२९८१.३७६	गौरव -एस.एस.जे.भी
५	घुमाउने ताल निर्माण	03/NCB/GOODS/GRM/2080-081	९७७७६८७.०	युनिभर्सल एण्ड टूल्स
६	नयाँटार सिंचाई आयोजना	12/ NCB/WORKS/GRM/2080-81	३१९७२१७.९	जि.के.थापा कन्स्ट्रक्सन
७	घ्याछाप पुट्टार मोटर मार्ग	01/ NCB/WORKS/GRM/2079-80	१४३८७४९८.३	क्याप कन्स्ट्रक्सन
८	तिरिन्दी खोला पुल	05/ NCB/WORKS/GRM/2079-80	३७९२८६४.५	सुबेदी निर्माण सेवा
९	पशुपति मोटर मार्ग (पहिलो खण्ड)	09/ NCB/WORKS/GRM/2079-80	११८८५६६१.७	प्रविन कन्स्ट्रक्सन
१०	सरस्वति मा.बि.२ कोठे भवन	10/ NCB/WORKS/GRM/2079-80	३४३७५९५.१	सुबेदी निर्माण सेवा
११	महेन्द्र मा.बि.४ कोठे भवन	11/ NCB/WORKS/GRM/2079-80	५९२६२७६.७	बि.ए.सि.टि. कन्स्ट्रक्सन
१२	करुवाटार सिंचाई	12/ NCB/WORKS/GRM/2080-81	७४१०५५९.१	गण्डकी नेशनल ई

२६ **पशु आहारा मिसन कार्यक्रमः** (७०१-२०८१-३-३०):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ। पालिकाको आ. व. २०८०।८१ को वार्षिक स्विकृत कार्यक्रम अनुसार पशु आहारा मिसन कार्यक्रम अन्तर्गत निम्नानुसार घांसको विरुवाहरुमा पालिकावाट कुनै कार्यविधि निर्माण तथा निर्णयनै नगरी शत् प्रतिशत अनुदान उपलव्ध गराएको नियम सम्मत नदेखिएको रु.

घाँसको विवरण	अनुदान रकम (ढुवानी वाहेक)
डाले घाँस	२,६४,८००

अनियमित भएको	२,६४,८००

२७ **कृषि तथा पशुमा अनुदानः**

संघ तथा प्रदेश सरकरबाट विनियोजन भएको कार्यक्रममा स्थानीय तहबाट समेत बजेट व्यवस्था गरी एकै कार्यक्रममा दोहोरो अनुदान उपलब्ध गराए नगराएको, संघ तथा प्रदेश सरकारका कार्यालयसँग कृषकले सम्झौता गरेकोमा कृषकको अंक स्थाप्रदेश तथा स्थानीय तहमा सशर्त वितिय हस्तान्तरित कृषि विकास संचालन कार्यविधि, २०८० अनुसार सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सोको प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्वन्धमा प्रतिवेदन वनाउनुपर्दछ र अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ।

गो.भौ.न.।मिति	विवरण	अनुदान रकम
७०८।२०८१।०३।२३	नश्ल सुधार कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा ब्याड बोका वितरण	१,५०,०००
७१५।२०८१।०३।२३	साना व्यवसायिक फर्म स्थापना तथा सुधार कार्यक्रम अन्तर्गत पशुपक्षीं खोर निर्माण	७,९०,०००
१११।२०८१।३।१७	५० प्रतिशत अनुदानमा सुन्तला जात फलफुल पकेट विकास कार्यक्रमको निरन्तरता	२,८५,०००

• कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ पालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो। एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्दछ।

२८ **निर्माण कार्य व्यवस्थापनः**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ वमोजिम सार्वजनिक निर्माण कार्य गर्दा प्रतिष्पर्धा सीमित हुने गरि पालिकाले आर्थिक वर्ष २०८०।८१ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाए बमोजिम रहेको छ ।

(रु हजारमा)

योजना संख्या	ठेक्का मार्फत		उपभोक्ता समिति मार्फत	
	संख्या	रकम	संख्या	रकम
२२४	१०	७६०५४	२१४	४८८४५

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल २२४ योजनामा मध्ये ठेक्का मार्फत १० वटा योजनामा रु. ७ करोड ६० लाख ५४ हजार खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित २१४ योजनामा रु ४ करोड ८८ लाख ४५ हजार खर्च गरेको छ । अर्थात

२२४ योजनामा भएको खर्च मध्ये ६०.८९ प्रतिशत रकम ठेक्का प्रक्रिया र ३९.१० प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन उपभोक्ता समितिको क्षमता निर्माण कार्यको प्रकृति लगायतका कुराहरुको समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

२९ **उपभोक्ता समितिमार्फत जटिल प्रकृतिको कार्यः**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्यिता, गुणस्तरीयता वा दिगोपना कायम हुने भएमा वा परियोजनाको मूख्य उद्देश्य नै रोजगारी सृजना गर्ने वा लाभग्राही समुहलाई सहभागी गराउने भएमा यस्ता समुहबाट कार्य गराउन सक्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य सोही स्थानमा बसोवास गर्ने वासिन्दा निर्माण कार्यको उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने तथा यसै नियमको उपनियम ३(घ) मा सम्पन्न निर्माण कार्यको मर्मत सम्भार तथा सञ्चालन उपभोक्ता समिति मार्फत गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले निम्न कार्यहरु लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत गराएको छ । यस्ता कार्यहरु हुनै सिमित उपभोक्ता समिति वा लाभग्राही समुदायले मात्र उपभोग गर्ने सेवा नभएको तथा यसको मर्मत सम्भार र सञ्चालन समेत उपभोक्ता समितिले नगर्ने तथा जटिल प्रकृतिको कार्य समेत भएकोले यस्ता कार्यहरु सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४बमोजिमको प्रतिस्पर्धात्मक प्रकृया अवलम्बन नगरी निर्माण गरेको अनियमित देखिएको रु

भौचर नं. र मिति	आयोजनाको नाम	हेभि ईक्युपमेण्टमा भुक्तानी
४५।२०८०।१०।१५	कालिसंकर मोटरमार्ग उपभोक्ता समिति	११४४१४६।००
१२८।२०८०।१२।२५	महाविर गुफा मार्ग	९५५६३६।००
१२७।२०८०।१२।२५	तल्लो छानुङ वस्याल डाँडा उस	४४९५१४।००
१२२।२०८०।१२।२२	भैरवमोटरमार्ग	४५००००।००
३०१।२०८१।०३।२३	गड्यौलीटार रिङरोड	२९३८२२।००
जम्मा		३२९३११८

अनियमित भएको	३२,९३,११८

३० **झर्रा खोला हिम पाईप उपभोक्ता समितिः** (३००-२०८१-३-२३):

.

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **६२,१५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३१ **कच्चावारी प्रमाणित नगरी भक्तानीः**

म.ले.प.फा २२१ अनुसार भुक्तानी दिन वाँकीको कच्चावारी प्रमाणित गरी राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा गत विगत वर्षको निम्मानुसारको आयोजनाको रकम भुक्तानि गरेकोमा कच्चावारी प्रमाणित गरी गाँउसभावाट समर्थन गरी सो बमोजिम

भुक्तानी गरेको देखिएन । विगतको भुक्तानी बाँकी प्रमाणित नहुँदा के कति बाँकी हो भन्ने प्रक्षेपण नहुने र वजेट तर्जुमा यथार्थपरक नहुने भएकोले एकिन गरि अनिवार्य कच्चाबारी प्रमाणित गरी सो को प्रमाण पेश हुनुपर्ने रु

गो भौन मिति	योजनाको विवरण	वाकी रकम
१६/ २०८०।०७।२१	तिरन्दीखोला पक्की पुल	७५६३६०।००
५८।२०८०।११।१०	जौवारी खानेपानी निर्माण	५१४६००।००

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **२,९५२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **२२४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **३२३,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **६३३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **४,७६८,३८४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **४७४,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **४६३,८८४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	१२,७०,९६०

३२ **सोझै खरिदः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ उपनियम (१) ख मा एक आर्थिक वर्षमा एउटै प्रकृतिको काम टुक्रा पारि (२०७८ चैत्र भन्दा अगाडि ५ लाख र चैत्र भन्दा पछाडि २० लाख सम्म शिलवन्दी कोटेशनवाट खरिद गर्न सक्ने) उल्लेखित रकमको सिमाभन्दा बढि रकमको निर्माण कार्य गर्न नपाईने व्यवस्था छ पालिकाले विभिन्न मितिमा फर्निचर,फर्निसिङ कम्प्युटरमा मात्रै यस वर्ष प्रतिस्पर्धालाई सिमित बनाई देहायका संस्थाबाट विभिन्न समयमा सोझै खरिद गर्नु नियमसंगत देखिएन । वार्षिक खरिद योजना वनाई प्रतिष्पर्धात्मक विधिवाट खरिद व्यवस्थापन गर्नुपर्दछ ।

भौचरनं	खरिदविवरण	आपूर्तिकर्ता	रकम
१०।२०८०।०६।२५	फर्निचर	स्याङ्जाली फर्निचर	३०२५००।००
१२।२०८०।६।२५	फर्निचर	भैरव ट्रेड सप्लायर्स	८३८५००।००
५५।२०८०।११।०३	कम्प्युटर	ईलाईट ईन्फसिस	९७२०००।००
५३।२०८०।११।०३	ईलेक्ट्रिक	वाग्मती जियो सिस्टम	६८३५४३।००
८१।२०८०।११।१८	कम्प्युटर	कम्प्युटर ल्यापटप	८४६८६०
२२८।२०८१।०३।२१	सनसाईन	कम्प्युटर	७३९६००
जम्मा			४३८३००३

३३ **जिल्ला दररेट भन्दा बढी दरमा विउ खरिद :**

सार्वजनिक खरिद नियमावलीको नियम ११(२) (क) मा सार्वजानिक निकायले मालसामनको लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजानिक निकाय वा त्यस्तो सार्वजानिक निकाय रहेको जिल्लाको सार्वजानिक निकायले चालु वा अधिल्ला वर्षहरुमा सोही प्रकृतिको सामान खरिद गर्दा लागेको वास्तविक लागत स्थानीय बजारमा प्रचलित दरभाउको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकको चालुतर्फको भौचर नं ३३७ मिति २०८१।१२।२५ बाट खाद्यान्न बालीको उन्नत विउ ५० प्रतिशत अनुदान कार्यक्रम अनुसार मकैको विउ खरिद गरी ५० प्रतिशत रकम कृषक तथा कृषक समुहहरुलाई वितरण गरेकोमा तनहुँ जिल्लाको जिल्ला दररेट अनुसार मकैको विउ (रामपुर कम्पोजिट) को जिल्ला दर प्रति के जी रु ११० रहेकोमा ३००० के जि रु १२० ले खरीद गर्दा प्रति के जी रु १० बढी हुन गई पालिकाले व्यहोर्ने अंश समग्रमा रु १५००० दररेट भन्दा बढी रहेकोले उक्त बढी खर्च खरिद निर्णय गर्ने पदाधिकारीबाट असुल गर्नुपर्ने रु......

असुल गर्नुपर्ने	१५,०००

३४ **पदाधिकारीलाई नियम बेगरको भत्ता वितरण :**

गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को अनुसूचीमा पदाधिकारीलाइ मासिक रुपमा पाउने सुविधाको व्यवस्था रहेको तथा दफा १४ मा पदाधिकारीले यस ऐनले निर्धारण गरेको वाहेक अन्य सुविधा नपाउने व्यवस्था रहेको छ।गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अधि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ ।भौ नं ६८१ २०८१।३।२१ बाट रु ११६६५० खर्च लेखेकोमा पालिकास्तरीय IPV खोप अभियान सम्बन्धि खोप समन्वय समितिको गोष्ठी सञ्चालन गरी सहभागी भत्ता भुक्तानी गरेको छ । यसरी नियममा नभएको भत्ता उपलब्ध गराएको रकम कार्यक्रमसँग सम्बन्धित जिम्मेवार व्यक्तिबाट असुल गर्नुपर्दछ ।

क्र सं	नाम	रकम रु
१	अध्यक्ष होम बहादुर थापा	५९५
२	उपाध्यक्ष राधा देवी अधिकारी	५९५
३	प्र प अ कृष्ण प्रसाद ढकाल रु	५९५
४	वडा अध्यक्ष रविचन्द्र घोरासिनि	५९५
५	नर ब थापा वडा अध्यक्ष	५९५
६	तहल सिंह थापा	५९५
७	भिम बहादुर कुमाल वडा अध्यक्ष	५९५
८	विष्णु विर आले	५९५
९	इश्वरी श्रेष्ठ	५९५
१०	रिमा कुमाल	५९५
११	पार्वती वि क	५९५
१२	सरिता वि क	५९५
	जम्मा	७१४०

असुल गर्नुपर्ने	७,१४०

३५ **असम्बन्धित खर्च :**

..

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **२३,२१५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३६ **गर्भवती महिलालाई पोषण सामाग्री वितरणमा बढी भुक्तानी :**

.

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३७ **पदाधिकारीलाई यातायात खर्च भुक्तानी :**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ ।भौ नं ६५४ २०८१।३।१९ बाट रु ४४९५० खर्च लेखेकोमा महिला स्वास्थ्य स्वयं सेविका दिवस मनाउने कार्यक्रममा २०८०।८।१९ मा गा पा सभाहलमा आयोजना गरेकोमा यातायात

खर्च भुक्तानी गर्दा पालिकाकै पदाधिकारी तथा कर्मचारीलाई यातायात खर्च भुक्तानी गरेको छ । पालिकाका कर्मचारी नियमित कार्यालय आउने भएकोमा पालिकाकै सभाहलमा सञ्चालन भएको कार्यक्रममा यातायत खर्च दिन मिल्ने नदेखिएकोले पदाधिकारी तथा कर्मचारीले यातायात खर्च बुझेको असुल हुनुपर्ने रु

क्र सं	नाम	रकम रु
१	अध्यक्ष होम ब थापा	५९५
२	उपाध्यक्ष राधा देवी अधिकारी	५९५
३	प्र प्र अ विष्णु प्रसाद पोखरेल	५९५
४	नर ब थापा वडा अध्यक्ष	५९५
५	तहल सिंह थापा	५९५
६	विष्णु विर आले	५९५
७	सरिता वि क	५९५
८	अविनाश ढकाल	५९५
९	विष्णु प्रसाद पोखरेल	५९५
१०	राजकुमार थापा	५९५
११	सरिता श्रेष्ठ	५९५
१२	प्रतिमा मल्ल श्रेष्ठ	५९५
१३	प्रेम राना	५९५
१४	मनिषा श्रेष्ठ	५९५
१५	ध्रुवराज लामिछाने	५९५
	जम्मा	८९२५

असुल गर्नुपर्ने	८,९२५

३८ **पदाधिकारी यातायात सुविधा :**

गण्डकि प्रदेश पदाधिकारी सेवा सुविधा सम्बन्धि ऐन २०७७ मा पदाधिकारी सेवा सुविधा सम्बन्धि व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुसार पदाधिकारी मासिक सुविधामा उल्लेख बाहेक अन्य सुविधा लिन नमिल्नेमा पालिकाले चालुतर्फको भौ न ६२२ मिति २०८१।३।१८ मा सामाजिक सुरक्षा सम्बन्धित एक दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन भएकोमा पालिकाका जनप्रतिनिधिहरुलाई रु ५०० दरले यातायात खर्च भुक्तानी गरेको छ । पदाधिकारीहरुलाई मासिक सुविधा मै यातायात वापत तथा इन्धन खर्च समेत भुक्तानी भएको अवस्थामा यस किसिमको खर्च गर्नु दोहोरो खर्च भएकोले सो रकम कार्यक्रमसँग जिम्मेवार कर्मचारीबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१०,५००

३९ **बाह्य संघ।संस्था तथा परामर्शदाताबाट कार्य :**

सरकारी खर्चमा मितव्ययीता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ को वुँदा नं १८ ले कार्यालयले गर्नुपर्ने काम परामर्शदातावाट गराउने कार्यलाइ निरुत्साहित गर्नुपर्ने उल्लेख छ भने नेपालको संविधानले आर्थिक अनुशासन कायम गर्ने कुरा संघीय सरकारको कानून वमोजिम हुने उल्लेख छ। कार्यालयले देहायअनुसारको कार्यक्रमहरुमा बाह्य संघ।संस्था तथा परामर्शदातालाई दिइ देहायअनुसार भुक्तानी गरेको छ। पालिकाले नै गर्नुपर्ने यस्तो कार्यक्रम अन्य निकायवाट गराउनु उचित देखिएन। यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

भौ न ।मिति	संघ।सस्थावा परामर्शदाता	कार्य	खर्च
५३३ ।२०८१।३।५	भूमिका टेक्निकल सर्भिस प्रा लि	महिला सशक्तिकरण र जिविकोपार्जन	४६३९२१
६९७।२०८१।३।२१	SAAV NEPAL PVT.LTD	स्थानीय पाठ्यक्रम २०८० लेखन, गोष्ठी सम्पादन तथा छपाई सम्मको काम	४९७२००
	जम्मा		९६११२१

४० **दोहोरो यातायात खर्च**

गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को अनुसूचीमा पदाधिकारीलाइ मासिक रुपमा पाउने सुविधाको व्यवस्था रहेको तथा दफा १४ मा पदाधिकारीले यस ऐनले निर्धारण गरेको वाहेक अन्य सुविधा नपाउने व्यवस्था रहेको छ।सो व्यवस्था अनुसार यस पालिकाले पदाधिकारीहरुलाई मासिक यातायात सुविधा भुक्तानी गरेको अवस्थामा पालिकाकै हलमा आयोजना गरेको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको पहिचान लगायतको विषयको मिति २०८२।३।१३ मा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी रु ४८९०० खर्च लेखेकोमा १३ पदाधिकारीहरुलाई यातायात खर्च रु ६५०० भुक्तानी गरेको छ । दोहोरो पर्नेगरी खर्च लेखेको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	६,५००

४१ **खानेपानी उपभोक्ता समितिको खानेपानी महशुल भुक्तानी :**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ ।यस पालिकाले निम्नानुसारका १८ व्यक्ति तथा उपभोक्ता समितिको खातामा विद्युत महशुलको ६० प्रतिशत रकम भुक्तानी गरेको छ ।पालिकाले यसरी उपभोक्ता समितिलाई महशुल भुक्तानी गर्नेगरी कुनै सम्झौता गरेको देखिँदैन । खानेपानी उपभोक्ता समितिको आफ्नै कोष स्थापना गरेर सो अनुसार खर्च गर्नुपर्नेमा यसरी पालिकाबाट भुक्तानी गरेको नियमसम्मत नरहेको रु

सि न	खानेपानी उपभोक्ता समिति	रकम
१	अधेरी सुन्धारा खानेपानी तथा सरसफाई उपभोक्ता समिति	९२७६
२	कोट साभुङ खानेपानी उपभोक्ता समिति	१४१५०६
३	गडाडी खोल्सी खानेपानी	१५९०४
४	झारपादी खानेपानी उ.स	३५०४०
५	पुट्टारढापब खा.पा उ.स	१६०५७७
६	पुर्कोट खानेपानी उ.स	९२१७४
७	झरान्दी खानेपानी निर्माण	२५७५४
८	सावित्रा ढकाल	५६००
९	देउती खोला खा.पा	१६८६७
१०	धेनुङ हतिया खानेपानी योजना	१०२४२
११	नयाटार खानेपानी धारा निर्माण	६१५९९
१२	अलैंची पानी लिफ्टिङ खानेपानी तथा सरसफाइ योजना	२१०१७
१३	मिलन कामी	२१८४
१४	सिफ्लुङ गुरूङ खा.पा	९०१८६
१५	कालिका मूल नेवापानी सिजालीथर गुरुङथर खापा यो	५०४२८
१६	डाडाथोक खानेपानी उ.स	२७०५९
१७	थानीदेवी खानेपानी तथा सरसफाइ उ स	१३७६८५
१८	एसेलु पानी खानेपानी उ.प	७१४१
	जम्मा	९१०२३९

अनियमित भएको	९,१०,२३९

४२ **सोझै खरिद :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद गर्न नहुने र खरिद नियमावली, २०६४ को नियम ८४ मा रू.१० लाखदेखि २० लाख रुपैयाँ सम्मको सामान सिलबन्दी दरभाउपत्र र सो भन्दा बढीको सामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । सोही ऐनमा एउटै व्यक्ति। फर्म।कम्पनीसँग एकै पटक वा पटक पटक गरी रु ५ लाख भन्दा बढी खरिद गर्न नहुने र खरिद नियमावली २०६४ को नियम ३ मा सामान खरिद गर्नु अगाडी सामानको आवश्यकता, खरिद प्याकेज , खरिद विधि लगायतको विषयको पुर्व तयारी गर्नुपर्ने व्यवस्था छ। पालिकाले मसलन्द तथा कार्यालय सामाग्री शिर्षकमा खरिद सम्बन्धी कुनै तयारी तथा खरिद योजना नबनाइ पटक पटक खरिद गरेको देखिएको छ ।पालिकाको मसलन्द तथा कार्यालय सामाग्रीमा कुल विनियोजन रु २० लाख रहेकोमा रु १६८१९५६ खर्च गरेको छ । पालिकाले एउटै आपूर्तिकर्तासँग पटक पटक खरिद गरी रु ५ लाख भन्दा बढीको भुक्तानी गरेको छ । अत: ऐनको ब्यबस्था बमोजिम प्रतिस्पर्धाको माध्यमबाट खरिद गरी सरकारी खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ।

गो भौ नं	आपुर्तिकर्ता	कार्य	खर्च रकम
१३८ २०८०।८।२०	अस्मिता ट्रेड कन्सर्न	मसलन्द तथा कार्यालय सामाग्री	६५८०००
३३३ २०८०।१२।२१	अस्मिता ट्रेड कन्सर्न	मसलन्द तथा कार्यालय सामाग्री	६३१३००
५७९ २०८१।३।१२	अस्मिता ट्रेड कन्सर्न	मसलन्द तथा कार्यालय सामाग्री	१५२००
५८१ २०८१।३।१२	अस्मिता ट्रेड कन्सर्न	मसलन्द तथा कार्यालय सामाग्री	२५७८६६
	जम्मा		१५६२३६६

४३ **प्रमाण बेगर परामर्शबाट कार्य :**

सरकारी खर्चमा मितव्ययीता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ को वुँदा नं १८ ले कार्यालयले गर्नुपर्ने काम परामर्शदातावाट गराउने कार्यलाइ निरुत्साहित गर्नुपर्ने उल्लेख छ भने नेपालको संविधानले आर्थिक अनुशासन कायम गर्ने कुरा संघीय सरकारको कानून वमोजिम हुने उल्लेख छ।त्यस्तै गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । निम्नानुसारको दुई कार्यक्रम पालिकाले सम्झौता गरी २०८१।३।१८ मा दुईवटै कार्य को कार्यसम्पन्न गरेको छ ।उक्त कार्यक्रमहरु वाह्य निकायबाट नगराई पालिका कै जनशक्तिबाट गराउनुपर्ने देखिन्छ भने उक्त सम्झौतामा उल्लेख भए अनुसार ७ दिन भित्र कार्यसूचि, ३० दिनभित्र मस्यौदा तथा ३५ दिनभित्र अन्तिम प्रतिबेदन पेश गर्नुपर्ने उल्लेख भएकोमा सो अनुसार कार्य गरेको पाइएन।उक्त योजनालाई नगरसभाबाट अनुमोदन गरी योजनामा उल्लेख भएको विषयलाई आगामी बजेट तथा कार्यक्रममा समावेश गरी कार्यरुप दिई अघि बढाउनुपर्नेमा आर्थिक वर्षको अन्त्यमा यस किसिमको कार्यगर्दा आगामी वर्षको बजेट तथा कार्यक्रममा समाबेश गर्न ढिलाई भएको देखिएको छ । अत: बजेट खर्च गर्ने उद्देश्यले आर्थिक वर्षको अन्त्यमा यस किसिमको कार्यगर्नु औचित्यपूर्ण देखिएन। साथै लेखापरीक्षणको समयमा उक्त प्रतिबेदन प्राप्त नभएको र पाम्स दाखिला समेत नरहेकोले सो को प्रमाण पेश गर्नुपर्ने रु

भौ न ।मिति	कार्यक्रम	सम्झौता निकाय	सम्झौता	सम्पन्न	खर्च
६४०।२०८१।३।१८	स्थानीय विपद् व्यवस्थापन कार्ययोजना नर्माण	4G Engineering Solution Pvt.Ltd	२०८१।१।११	२०८१।३।१८	७९४३९०
६३९ २०८१।३।१८	मध्यकालिन खर्च संरचना निर्माण	Xelwel Innovation	२०८१।१।२०	२०८१।३।१८	४९७२००
	जम्मा				१२९१५९०

प्रमाण पेश नगरेको	१२,९१,५९०

४४ **समान प्रकृतिको कामका लागी ज्यालादारीमा खर्च**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ ।पालिकाले कार्यालय सहयोगी करार सम्झौताको बुँदा नं २ मा कार्यालय परिसरको सबै काम तथा बँगैचा सरसफाई तथा गोडमेल लगायतको कार्य समेत गर्नेगरी करार सम्झौता गरेको छ । भौ नं ३७ मिति २०८०।६।१७ बाट पालिका परिसर भित्र गोडमेल तथा सरसफाई कार्य गर्न ७ जनालाई २० दिन प्रतिदिन रु ७७० र खाजा रु १०७० गरी जम्मा रु १६४७० भुक्तानी गरेको छ।पालिकाले सो कामका लागि कारार सम्झौता गरेर कर्मचारी नियुक्ति गरिसकेको अवस्थामा समान प्रकृतिको कामका लागी ज्यालादारीमा खर्च लेखेको अनियमित देखिएको रु....

अनियमित भएको	१६,४७०

४५ **अन्य निकायको खर्च :**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ । पालिकाले उल्लेखित विभिन्न भौचरबाट अन्य निकायहरुलाई वितरमुखी तवरले अनुदान तथा सहायता स्वरुपको रकम खर्च लेखेको पाइएको छ । पालिकाको आफ्नो आन्तरिक आम्दानी अत्यन्तै न्यून रहेको अवस्थामा अनुत्पादक तथा वितरणमुखी खर्च गर्नु औचित्यपूर्ण देखिँदैन । अत: पालिकाले यस किसिमको खर्चमा नियन्त्रण गरी मितव्ययी कार्य गर्नुपर्दछ ।

भौ न	मिति	रकम	प्रयोजन
५१८	२०८१।२।३२	१५०००	डुम्रे महोत्सबका लागि सहयोग
५७०	२०८१।३।१२	१००००	मिजार समाज नेपाललाई जिल्ला अधिवेशनका लागि सहयोग
६०३	२०८१।३।१७	१४४०००	जनज्योति क्याम्पस भिमाद मन्च निर्माण
५५२	२०८१।३।९	१७७४५०	भैरब आ वि छानो मर्मत
६५८	२०८१।३।१९	४००००	ऐसेलुपानि खानेपानी उ स सामाग्री खरिद
६८४	२०८१।३।२१	४००००	कौराबाजा खरिद उवाथोक सामुदायिक होमस्टे
६९४	२०८१।३।२१	४००००	भोक्तेनी मोटरमार्ग सामाग्री खरिद

४६ **बजेट बेगर पटके निर्णय गरी भुक्तानी :**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ । भौचर नं ६०२ मिति २०८१।३।१७ बाट श्री बुद्धि प्रा विलाई योजना सञ्चालन खर्च भनी रु ४८००० पालिकाले कार्यक्रम बेगर खर्च लेखेको छ । योजना सञ्चालन खर्चमा पालिकाले सो विद्यालयलाई बजेट छुट्याएको देखिँदैन भने पटके निर्णय गरी खर्च लेखेको पाइएको छ । अत; यस किसिमको खर्चको भुक्तानी गर्नु नियमावलीमा भएको व्यवस्था विपरित रहेकोले सो अनियमित देखिएको रु......

अनियमित भएको	४८,०००

४७ **उपभोक्ता/लाभग्राही समुह मार्फत सामाग्री खरिद :**

सार्वजनिक खरिद नियमावलीको नियम २(ट) मा उपभोक्ता समिति भन्नाले निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुले कुनै निर्माण कार्यको निर्माण, संचालन, मर्मत संभार गर्नको लागि आफुहरु मध्येबाट गठन गरेको समीति सम्झनु पर्ने उल्लेख छ ।आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने र उपनियम (९) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाइ र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने प्रावधान रहेको छ ।पालिकाले उक्त नियमावली विपरित देहाय अनुसार बिभिन्न उपभोक्ता समिति वा लाभग्राही समुह वा संस्था लगायतको माध्यमबाट बिभिन्न किसिमका सामाग्रीहरु खरिद गरी भुक्तानी दिएको छ ।पालिकाको कार्यक्रम तथा बजेटमा नरहेको अवस्थामा अध्यक्षको तोक आदेश तथा कार्यपालिकाको पटके निर्णय गरी यसप्रकारको खर्च लेखेको छ । पालिकाले आफ्नो आन्तरिक आम्दानी मजबुत नभएको अवस्थामा र कार्यविधि तथा कार्यक्रमबेगरको यसकिसिमको खर्च लेख्नु नियमसम्मत नदेखिएको रु.

भौ न	मिति	उपभोक्ता समिति	खरिद विवरण	भुक्तानी रकम रकम	कैफियत
६१	२०८०।७।१३	गैरावारी खानेपानी उ स	3” HDPE 6 kg 12m	४४४७	जडान गरेको प्रमाण नरहेको
६५८	२०८१।३।१९	एसेलुपानी खानेपानि उ स	सामाग्री खरिद	४००००	
६८४	२०८१।३।२१	उवाथोक सामुदायिक होमस्टे	कौराबाजा खरिद	४००००	
६९४	२०८१।३।२१	भोक्तेनी मोटरमार्ग निर्माण उ स	सामाग्री खरिद	४००००	
७१४	२०८१।३।२३	गोसाइकुन्ड मोटरमार्ग उ.स.	सामाग्री खरिद	१५०००	
	जम्मा			१३९४४७	

अनियमित भएको	१,३९,४४७

४८ विद्युत महशुलमा जरिवाना भुक्तानी :

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बजाउने सम्वन्धी मापदण्ड, २०७८ को दफा १५ बमोजिम पानी तथा बिजुली टेलिफोनको महसुल मिटर रिडिङ्ग पछि तोकिएको समयमा नै भुक्तानी गर्दा रिवेट (छुट) पाउने हकमा यस्तो भुक्तानी समयमा नै गरी जरिवाना नतिर्ने र नियमनुसारको छुट सुविधा लिने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । यस पालिकाको विभिन्न समयको महशुल निम्ननुसारको भौचरबाट भुक्तानी गरेकोमा महसुल रु.२१००००। नेपाल बिधुत प्रधिकरणलाई भुक्तानी गर्दा समयमा महसुल नतिरेकोले रु. २३५७८। जरिवाना तिरेको पाइएको छ ।पालिकालाइ बढी दायित्व श्रृजना भएकोले थप व्ययभार भएको यस किसिमको खर्च अनियमित देखिएको रु.....

भौ न	मिति	रसिद नं	जम्मा महशुल	जरिवाना रकम
५४	२०८०।७।१२	०००७१	३००००	१२०६
५४	२०८०।७।१२	०००७२	५५०००	८१८४
५४	२०८०।७।१२	०००७३	१५०००	२३७१
५०७	२०८१।२।३१	३६०१२४	३००००	२५१०
५०७	२०८१।२।३१	३६०१२२	१००००	१५६९
५०७	२०८१।२।३१	३६०१२३	७००००	७७३८
	जम्मा		२१००००	२३५७८

अनियमित भएको	२३,५७८

४९ प्रहरी चौकीको खर्च :

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ ।पालिकाले यस वर्ष पालिकाभित्र रहेका प्रहरी चौकीलाई इन्धन तथा अन्य खर्चको रु २०६२०० भुक्तानी गरेको छ ।पालिकाले खर्चको भुक्तानी गर्न कुनै सम्झौता गरेको छैन र सरकारी निकायनै भएपनि सो निकायलाई आफ्नै बजेट विनियोजन भएको अवस्थामा यसरी पालिकाबाट भुक्तानी दिन मिल्ने देखिँदैन ।पालिकाले सो निकायकै खातामा भुक्तानी नगरी प्रहरी कर्मचारीको खातामा भुक्तानी गरेको भौचरबाट देखिन्छ ।यसरी विशेष सम्झौता बेगर कर्मचारीकै खातामा पालिकाले भुक्तानी गरेको अनियमित रु...

भौ न	मिति	रकम	प्रयोजन
१८	२०८०।६।१४	१००००	गजरकोट प्रहरी चौकी
३६	२०८०।६।१७	१५०००	गस्ती गर्ने प्रयोजनका लागि इन्धन
३८४	२०८१।१।१०	२१२००	पुट्टार प्रहरी चौकी फर्निचर खरिद
५०४	२०८१।२।३०	५०००	गस्ती गर्ने प्रयोजनका लागि इन्धन
२९०	२०८०।११।२२	८००००	पुट्टार प्रहरी चौकी घरभाडा
१२५	२०८०।८।१२	५०००	पोखरीछाप प्रहरी चौकी
१४५	२०८०।८।२२	५०००	देउराली प्रहरी चौकी
१८१	२०८०।९।२५	५०००	पोखरीछाप प्रहरी चौकी
१९३	२०८०।१०।१०	१५०००	पुट्टार प्रहरी चौकी
३२९	२०८०।१२।२१	५०००	प्रहरी चौकी
३४६	२०८०।१।२	१००००	प्रहरी चौकी
४२२	२०८०।१।२८	५०००	प्रहरी चौकी इन्धन
४६०	२०८०।२।१३	१००००	पुट्टार प्रहरी चौकी
६६६	२०८०।३।२०	५०००	गजरकोट प्रहरी चौकी
११५	२०८०।८।८	१००००	देउराली प्रहरी
	जम्मा	२०६२००	

अनियमित भएको	२,०६,२००

५० **स्वास्थ्य तर्फ :**

संघिय सरकार तर्फबाट स्वास्थ्य चौकीमै सुत्केरी गराउन प्रोत्साहन स्वरुप सुत्केरी यातायात खर्च प्रति सुत्केरी रु २,००० प्रदान गर्नेगरी कार्यक्रम रहेकोमा पालिका तथा संघ दुवै तर्फ सुत्केरी प्रोत्साहन कार्यक्रम भनी प्रति सुत्केरी रु २,००० प्रदान गर्ने कार्यक्रम मा संघ तथा पालिका दुई तर्फ नै रु ६६,०००/- का दरले रु १,३२,००० /- कार्यक्रम गरेकोमा समान प्रकृतिको कार्यक्रम सघ तथा पालिकाबाट दोहोरो पर्नेगरी गर्न नमिल्नेमा सो गरेको र यसरी ३२ सुत्केरीले उक्त भत्ता प्राप्त गरेकोमा सो भत्ता संघ तथा पालिकाबाट दोहोरो परेको पाइएको छ । यसरी दोहोरो पर्नेगरी खर्च गर्नमा नियन्त्रण हुनुपर्दछ ।

५१ **प्रेस सल्लाहकार :**

गण्डकि प्रदेश पदाधिकारी सेवा सुविधा सम्बन्धि ऐन २०७७ मा पदाधिकारी सेवा सुविधा सम्बन्धि व्यवस्था रहेको छ । सो व्यवस्था अनुसार गाउँपालिका अध्यक्षले स्वकिय सचिव बाहेक अन्य कुनै कर्मचारी राख्न मिल्ने व्यवस्था रहेको पाईदैन । यस पालिकाले नियममा भएको व्यवस्था भन्दा फरक पदमा १ प्रेस सल्लाहकार नियुक्त गरी रु १६८००० खर्च लेखेको छ।नियममा नभएको यस किसिमको खर्च अनियमित देखिएको रु.

अनियमित भएको	१,६८,०००

५२ **कार्यविवरण बेगरको भुक्तानी**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात

अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।भौ नं ४७ मिति २०८०।५।२५ बाट मिति २०८०।५।२१ मा करार सम्झौता गरी मोटर बाटो दैनिक रुपमा नाला सरसफाई गर्ने तथा पहिरो पन्छाउने कार्यका लागि अन्त बहादुर थापालाई २०८० असोज मसान्त सम्मका लागि मासिक रु १२००० तथा खाजा रु १००० गरी जम्मा रु १३००० भुक्तानी गर्नेगरी सम्झौता गरेकोमा आर्थिकवर्ष पुरै अवधि खर्च लेखी रु १३३४६५ भुक्तानी गरेको छ । निजलाई कुन च्यानेजको लागि नियुक्ति गरेको हो सो स्पषपाइयो । यसरी करार सम्झौता भन्दा बढी अवधि स्पष्ट कार्यविवरण बेगरको भुक्तानी अनियमित रहेको रु......

अनियमित भएको	१,३३,४६५

५३ **सहकारी संस्थाको अनुगमनः**

नेपालको संविधान, २०७२ को अनुसुचि ८ मा सहकारी संस्था दर्ता संचालन सम्वन्धि अधिकारको प्रयोग गरि पालिकाभित्र २०८१ आषाढभित्र जम्मा ५ सहकारि दर्ता भएको देखिन्छ । सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

५४ **न्यायीक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ ।

गत वर्षबाट सरेका विवाद	यस वर्ष दर्ता भएको	जम्मा	फछ्र्यौट/कारवाही भएका विवाद	फछ्र्यौट/कारवाही हुन बाँकी विवाद
०	१५	१५	१३	२

उपरोक्तानुसार यो वर्ष जम्मा १५ वटा मुद्दा दर्ता भएकोमा १३ वटा फछ्र्यौट भई २ वटा मुद्दा वांकी रहेको र वाँकी मध्ये १ मुद्दा मिलापत्र हुन नसकेर माथिल्लो निकायमा छ । फछ्र्यौट हुन वांकी मुद्दालाई तदारुकताका साथ न्याय निरुपण गर्नुपर्दछ ।

५५ **कानुन निर्माणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

सि.नं.	विवरण	संख्या
१.	ऐन	१७
२.	नियमावली	४९
३.	कार्यविधि तथा निर्देशिका	
४.	नीति	०
	जम्मा	६६

पारित भएका ६६ ऐन नियमलाई अनिवार्य रुपमा राजपत्रमा प्रकाशित गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

५६ **सेवाप्रवाहको स्थितिः**

सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६५ वमोजिम सार्वजनिक निकायले सेवा प्रवाहलाई छिटो छरितो पहुंचयोग्य वनाउनुपर्दछ । यस नगरपालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्न विषयमा विभिन्न प्रकारका ७८७ जनालाई देहाय बमोजिम पञ्जिकरण सेवा प्रवाह गरेको छ तर के कति सेवाग्राहीले सेवाको लागि निवेदन दिएका थिए सो को रेकर्ड प्राप्त हुन सकेन। पालिकाले सेवा प्रवाहको पृष्ठपोषणको रुपमा सेवाग्राही सन्तुष्टी फारमको विकास गरि पृष्ठपोषणको समेत व्यवस्था गर्नुपर्दछ ।

विवरण	सेवा संख्या
जन्म दर्ता	३९२
मृत्यु दर्ता	६९
बसाईसराई दर्ता	९९
विवाह दर्ता	१८२
सम्बन्ध विच्छेद दर्ता	४५
जम्मा	७८७

५७ **वित्तिय विवरणको विश्लेषणः**

पालिकाले यस वर्ष कूल आन्तरिक आयबाट रु. ५०,४४,०८९, राजस्व बाँडफाँडबाट रु. ७,५५,६२,२९१ र अनुदानबाट रु. २६,९१,५१,५७२ समेत रु. ३४,९७,५७,९५३ आम्दानी भएकोमा चालुतर्फ रु. २४,२४,९६,८६६ र पूँजीगततर्फ रु. १२,१०,२५,६४२ समेत रु. ३६,३५२२,५०८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.३८ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रु. ६९,५४,००० खर्च भएको छ जुन आन्तरिक आयको १३८ प्रतिशत रहेको छ । पालिकाले यस वर्ष गरेको खर्चमा आन्तरिक आयको हिस्सा १३८ प्रतिशत भएको देखिदा आन्तरिक आयको अवस्था सन्तोषजनक देखिएन आन्तरिक आयको क्षेत्रलाई विस्तार गरि बिकासात्मक तथा दैनिक प्रशासनिक कार्यमा लगाउन सकिने हुंदा समग्र आर्थिक विकास र समृद्धि तथा दिगो विकासको लक्ष्य हांसिल गर्ने तर्फ ध्यान पुर्याउनुपर्दछ ।

५८ **आन्तरिक नियन्त्रणः**

पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम छन् -

आन्तरिक नियन्त्रण प्रणालीका सम्वन्धमा महानिर्देशनालयवाट जिन्सी निरीक्षण, योजना अनुगमन निरीक्षण, पाम्सको प्रयोग, उपभोक्ता समितिमार्फत कार्य,गुनासो सुनुवाई, वरवुझारथ, नागरिक वडापत्र, कर्मचारीको कार्यविवरण, सार्वजनिक सुनुवाई, संगठन तथा व्यवस्थापन सर्वेक्षण, कार्यसम्पादन करार, जिन्सी निरीक्षण, आन्तरिक लेखापरीक्षण तथा अन्तिम लेखापरीक्षण लगायतका २९ सुचक तयार गरी फारमको विकास गरिएको र यसमा कार्यालयको धारणा छ/ छैन/ जानकारी नभएको भनी प्रश्नावली तयार गरिएकोमा ५ सुचकमा छैन भन्ने जवाफ दिएको २२ सुचकमा परिपालना भएको र २ वटा सुचकमा थाह नभएकोमा प्रतिकृया प्राप्त भएको छ । जसअनुसार कुल सुचकमा ५ सुचकको परिपालना नभएको अर्थात १७ प्रतिशत कार्यान्वयनमा नल्याएको, ७६ प्रतिशत कार्यन्वयनमा ल्याएको र ७ प्रतिशत थाह नभएको पाईयो । तसर्थ उपरोक्त तथ्यको आधारमा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सन्तोषजन भएको देखिएको छ । पालिकाले कमजोर देखिएका सुचकहरुमा आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी र विश्वशनीय बनाई कार्यसम्पादन स्थितिलाई सुदृढ बनाउन ध्यान दिनुपर्दछ ।



५९ **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विविध खर्च शीर्षकबाट खाना खाजा समेतमा रु. ५ लाख ३५ हजार ६३२ खर्च गरेको छ । खर्च लेख्दा अधिकांशमा खर्चको पुष्ट्याई बेगर केवल बिल भरपाई तथा माईन्युटको आधारमा मात्रै खाजाखाना बापतको खर्च लेखेको छ। यसरी खर्च लेख्दा वास्तविक रूपमा कार्यालयसँग सम्बन्धित काममा खर्च भएको हो होइन यकिन गर्ने आधार भएन। खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर मात्रै विविध खर्च गर्नुपर्दछ ।

विविध खर्चको विवरण	खर्च रकम
अतिथि सत्कार	६१,८००
चिया, खाजा तथा खाना	५५,१५५
मसलन्द	३,००,०००
विविध कार्यक्रम खर्च	१,१८,६७७
जम्मा	५,३५,६३२

६० **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०८०।०३।१० गते रु. ४७ करोड ८५ लाख ८१ हजारको बजेट सभा समक्ष पेश गरी २०८०।०३।२६ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। पालिकाद्वारा समय सिमाभित्रै कानुन अनुसार अख्तियारी दिने तर्फ जोड दिनुपर्दछ ।

६१ **बजेट विनियोजनः**

आर्थिक वर्ष २०८०।८१ को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाए बमोजिम विनियोजन गरेको छ ।

कुल बजेट	चालु बजेट रु.	प्रतिशत	पूँजीगत बजेट रु.	प्रतिशत
४७,८५,८१,०००.००	२८,४८,५१,०००.००	५९.५१	१९,३७,३०,०००.००	४०.४९

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु. ४७ करोड ८५ लाख ८१ हजार बजेट विनियोजन भएको मध्ये चालु तर्फ रु. २८ करोड ४८ लाख ५१ हजार (५९.५१ प्रतिशत) र पूँजीगत तर्फ रु. १९ करोड ३७ लाख ३० हजार (४०.४९ प्रतिशत) बजेट विनियोजन भएको छ । पालिकाले चालु वजेटको तुलनामा पुंजिगत वजेटको हिस्सा वढाउन तर्फ कदम चाल्नुपर्दछ ।

६२ **मौज्दात रकमः**

पालिकाले यस वर्ष चालु तथा पूँजीगत कार्यका लागि रु ३६ करोड ३५ लाख २२ हजार खर्च गरेको छ भने पालिकाको बैंक खातामा रु १ करोड २७ लाख २८ हजार १ सय ४६ रुपैयाँ ६५ पैसा मौज्दात बाँकी रहेको छ । उक्त रकम उपभोग नभई मौज्दात सर्दै गईरहेको अवस्थाले पालिकाको लक्षित उद्देश्य पूरा गर्न कठिन हुने देखिएकाले सो रकमको उपयोग गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

६३ **क्षेत्रगत बजेट र खर्चः**

स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ६७ मा वजेट तथा कार्यक्रम तर्जुमा समितिको व्यवस्था छ ।स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २080।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ

मुख्य क्षेत्र	**वार्षिक वजेट**	**खर्च रकम**	**कुल खर्च मध्ये प्रतिशत**
आर्थिक विकास	२,८४,८८,०००.००	२,०७,४३,६६३.००	५.७१
सामाजिक विकास	१९,०९,००,६८२.००	१७,२६,५४,१२३.४९	४७.५
पूर्वाधार विकास	१६,४३,०८,०००.००	९,४०,८९,१७२.७०	२५.८८
सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र	८१,७६,०००.००	६९,८८,६९७.००	१.९२
कार्यलय सञ्चालन	८,६७,०८,३१८.००	६,९०,४६,८५२.१२	१८.९९
जम्मा	४७,८५,८१,०००.००	३६,३५,२२,५०८.३१	**१००**

उपरोक्तानुसार कुल खर्च मध्ये आर्थिक विकासमा ५.७१ प्रतिशत, सामाजिक विकासमा ४७.५ सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा १.९२ र पूर्वाधार विकासमा २५.८८ प्रतिशत खर्च भएको देखिदा वजेट विनियोजन तथा खर्च गर्दा सन्तुलित तथा समन्यायिक हिसावले खर्च गर्ने प्रदतिको विकास गर्नुपर्दछ ।

६४ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिका कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि २ बमोजिम त्रेमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पुँजीगत खर्चको स्थिती देहाय बमोजिम रहेको छ ।

(रु. हजारमा)

सि.नं.	**पूँजीगत खर्च शीर्षक**	**कुल खर्च**	**त्रैमासिक खर्च (रु.हजारमा)**				**आषाढ महिनाको मात्र खर्च**
			प्रथम त्रैमासिक	**दोस्रो त्रैमासिक**	**तेस्रो त्रैमासिक**	**चौथो त्रैमासिक**	
१	पूँजीगत, संघीय प्रदेश, गाउँपालिका	१२१०२६	३८४६	६७५६	३२२४०	७८१८२	४३५८१
	कूलखर्च	१२१०२६	३८४६	६७५६	३२२४०	७८१८१	४३५८१
	खर्च प्रतिशत	६२.४७	३.१७	५.५८	२६.६४	६४.६	३६.०१

उल्लेखित विवरण अनुसार चौथो त्रैमासिक पूँजीगत खर्चको ६४.६० प्रतिशत खर्च भएको देखिन्छ भने असार महिनामा मात्र ३६.०१ प्रतिशत खर्च भएको देखिन्छ । त्यसैले चौथो त्रैमासिक र असार महिनामा बढी खर्च गर्दा सार्वजनिक निर्माणको गुणस्तर र अनुगमन नियमनमा समेत असर पर्ने हुंदा यस्तो खर्च गर्ने पद्धतिमा नियन्त्रण हुनुपर्दछ ।

६५ **योजना छनौट र कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यान्वायन गरेका योजनाहरुको विवरण देहाए बमोजिम रहेको छ ।

क्र.सं.	विवरण	योजना संख्या	रकम
१	रु. १ लाख भन्दा कमको योजना	११२	९८,८०,०००
२	रू. १ लाख देखि रू. ५ लाख सम्मका योजना	९०	२,१९,३५,०००
३	रु. ५ लाख देखि माथि रू. १० लाख सम्मका योजना	१३	१,२०,३०,०००
४	रू. १० लाख देखि माथि रू. २५ लाख सम्मका योजना	२	५०,००,०००
५	रू. २५ लाख भन्दा माथीका योजना	८	७,४१,७२,७०२/-
	जम्मा	**२२५**	**१२,३०,१७,७०२/-**

५ लाख भन्दा कमका २०२ योजना अर्थात ९० प्रतिशत साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी ठुला र प्राथमिकता प्राप्त योजनामा ध्यान दिनुपर्दछ ।

६६ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०८०।८१ को आर्थिक कारोबारको चौमासीक रुपमा नगरी वर्षको अन्त्यमा आन्तरिक लेखापरीक्षण गराएको छ। आन्तरिक लेखापरीक्षणवाट देखिएको वेरुजुलाइ हालसम्म पालिकाले फछ्र्यौट गरेको छैन । अतः उक्त वेरुजु रकम असुल फछ्र्यौट गरि प्रमाण पेश हुनुपर्ने रु.

भौ नं र मिति	व्यहोरा	रकम
१३२	आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ। सिफ्लुङ खानेपानी उपभोक्ता समिति र स्वयम उपभोक्ता समितिले विद्युत महशुल समयमा नवुझाई जरिवाना वापत रु ३१३२ भुक्तानी गरेकोले सम्वन्धित वाट असुल हुनुपर्ने रु	३१३१

प्रमाण पेश नगरेको	३,१३१

६७ **तलबी प्रतिवेदन पारित बेगर तलब भत्ता भुक्तानी :**

स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । तर पालिकाले यस वर्ष तलबी प्रतिवेदन को. ले. नि. का. मा पेश गरेकोमा को. ले. नि. का वाट पारित नभई नगरी १६ जना स्थायी कर्मचारीलाई रु. १ करोड ४ लाख ९६ हजार तलब भुक्तानी गरेको छ भने लेखापरीक्षण अवधिसम्म पनि आर्थिक वर्ष २०८०/८१ को लागि समेत तोकिए बमोजिम तलबी प्रतिवेदन पारित गरेको छैन ।अत: उल्लेखित कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

६८ **दरबन्दी र पदपुर्ती :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा

संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित संघिय सरकारबाट स्विकृत तथा पालिकाबाट स्विकृत प्राविधिक, स्वास्थ्य चौकी तर्फ, कृषि तथा पशु तर्फ गरी जम्मा ५८ दरबन्दी रहेकोमा संघिय सरकारबाट स्विकृत दरबन्दी २९ र पालिकाबाट २९ रहेका छन ।जसमध्ये स्थायी पदपूर्ति १६ करार २४ रही १८ पद रिक्त रहेका छन । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रशाकीय अधिकृत सहित १६ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ३६ पदहरु रिक्त रहेका छन् । साथै करारवाट नगरपालिका तथा ५ वटै वडाका लागि ६१ जना कर्मचारी नियुक्ति गरी दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।कतिपय पदहरुमा दरबन्दी बेगर पदपूर्ती भएको छ । स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३६ जना पदपूर्ती भएको देखिन्छ ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत, कृषि तथा पशु सहित पदहरु रिक्त रहेका छन् । साथै करारवाट नगरपालिका तथा ५ वटै वडाका लागि ६१ जना कर्मचारी नियुक्ति गरी दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

६९ **स्वीकृत दरवन्दी वेगरको करार सेवा :**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा अन्य रुपमा कर्मचारीहरु राखी तलव भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरीत भई भुक्तानी गर्ने पदाधिकारीबाट असूल उपर गर्नुपर्ने उल्लेख छ। साथै नेपाल सरकारले जारी गरेको सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्वन्धी मापदण्ड,२०७७ को दफा ४(२) मा सार्वजनिक निकायले स्वीकृत दरवन्दी भित्रको कार्यालय सहयोगी र सवारी चालक पदमा बाहेक ज्यालादारी वा करारमा थप आर्थिक दायित्व सिर्जना हुने गरी नयाँ नियुक्ती गर्न नपाइने व्यवस्था छ। पालिकाले तल उल्लिखित स्वास्थ्य चौकीहरुमा तथा सव ईन्जिनियर लगायत पदमा दरबन्दी बेगर २२ कर्मचारीहरु राखी तलब भत्ता बापत रु. ५२ लाख ४४ हजार खर्च लेखेको छ। दरबन्दी बेगर कर्मचारी नियुक्त गर्दा आर्थिक अनियमितता हुने, कर्मचारी भर्ना गर्दा योग्यता प्रणाली कायम नहुने जोखिम रहन्छ। अत: कार्यविधि तथा मापदण्ड विपरित कर्मचारी करार भर्ना गर्ने कार्य अनियमित रहेको रु

क्र सं	पद	संख्या	भुक्तानी रकम
१	अ न मी	५	१८०२४५२
२	अ हे ब	६	२२२०१७८
३	ल्याब टेक्निसियन	१	४६१४९०
४	पोषण स्वयंसेवक	१	२९९०००
५	सव ईन्जिनियर	१	४६१४९०
	जम्मा	१४	५२४४६१०

अनियमित भएको	५२,४४,६१०

७० **प्रोत्साहन भत्ता :**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। पालिकाले कर्मचारीलाई प्रोत्साहन उपलब्ध गराउँदा कार्यविधि बनाई कार्यसम्पादनको आधारमा उपलब्ध गराउनु पर्दछ। पालिकाले यो बर्ष कर्मचारी प्रोत्साहन बापत स्थायी तथा करार कर्मचारी तर्फ रु. १० लाख ९५ हजार खर्च गरेको छ। तर प्रोत्साहन रकम भुक्तानी गर्दा मापदण्ड/ कार्यविधि नबनाई कार्यपालीकाको निर्णय अनुसार मासिक रुपमा एकमुष्ट उपलब्ध गराउने गरेको छ। यसरी एकमुष्ट रकम उपलब्ध गराउँदा कर्मचारी उत्प्रेरणा तथा उत्पादकत्वमा बृद्धि हुँदैन्। प्रोत्साहन भत्ता वितरणको लागी आवश्यक कार्यविधि तर्जुमा, कार्यसम्पादन मापन सुचकहरु निर्धारण, कर्मचारीहरुलाई सोको जानकारी, आन्तरिक नियन्त्रणको पर्याप्त व्यवस्था, सुचकको आधारमा कार्यसम्पादन मुल्यांकन गरी प्राप्त नतिजाको आधारमा मात्र प्रोत्साहन भत्ता उपलब्ध गराउनुपर्दछ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : घिरिङ गाउँपालिका, तनहुँ , घिरिङ गाउँपालिका , तनहुँ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Bishnu Prasad Pokhrel	२०७९-५-२९	२०८०-११-२४
कार्यालय प्रमुख	Krishna Prasad Dhakal	२०८०-११-२९	हाल सम्म कार्यरत
लेखा प्रमुख	Abinash Dhakal	२०७९-७-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१५८,७८४	१०,४४७,९२७	१८,००३,३३७	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	२८,६१०,०४८
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	९,९३१,६८३
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१८,६७८,३६५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४४०८२००२.३१	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२५३५२८६२१.६	चालु खर्च	२४०५४१४६०.१६
प्रदेश सरकारबाट अनुदान	१५६२२९५०	पूँजीगत खर्च	१२२९८१०४८.१५
राजश्व बाँडफाँट	७५१६३७१६.३	वित्तीय/अन्य व्यवस्था	१०८९७६१४७.०३
आन्तरिक आय	५४४२६६४.२१		
अन्य आय	१०३४१६६९४.८७		
कुल आय	४५३१७४६४६.९८	कुल खर्च	४७२४९८६५५.३४
बाँकी मौज्दात		२४७५७९९३.९५	

बेरूजु दफा ११ सँग सम्बन्धित विवरण - अनुसूची - ३

सि.नं	विधालयको नाम	निकासा रकम
१	श्री चन्द्र ज्योति माध्यमिक विधालय	१२०००
२	श्री कृष्ण माध्यमिक विधालय	१२०००
३	श्री सरस्वती माध्यमिक विधालय	१२०००
४	श्री कामधेनू माध्यमिक विधालय	१२०००
५	श्री महेन्द्र ज्योति माध्यमिक विधालय	१२०००
६	श्री राष्ट्रिय माध्यमिक विधालय	१२०००
७	श्री दिपक माध्यमिक विधालय	१२०००
८	श्री सरस्वती आधारभूत विधालय	१२०००
९	श्री विष्णू आधारभूत विधालय	१२०००
१०	श्री कृष्णगंगा आधारभूत विधालय	१२०००
११	श्री पशूपतिनाथ प्राथमिक विधालय	१२०००
१२	श्री सरस्वती प्राथमिक विधालय	१२०००
१३	श्री भैरव प्राथमिक विधालय	१२०००
१४	श्री गूदीभञ्ज्याङ प्राथमिक विधालय	१२०००
१५	श्री चण्डी प्राथमिक विधालय	१२०००

१६	श्री जयनेपाल प्राथमिक विधालय	१२०००
१७	श्री राजपूर प्राथमिक विधालय	१२०००
१८	श्री कल्याणदेवी प्राथमिक विधालय	१२०००
१९	श्री पार्वती प्राथमिक विधालय	१२०००
२०	श्री बूद्धि प्राथमिक विधालय	१२०००
२१	श्री कालिका प्राथमिक विधालय	१२०००
२२	श्री जलबाराही प्राथमिक विधालय	१२०००
२३	श्री सृजना प्राथमिक विधालय	१२०००
२४	श्री कृष्णगंगा प्राथमिक विधालय	१२०००
२५	श्री लक्ष्मी प्राथमिक विधालय	१२०००
२६	श्री सत्यदेवी प्राथमिक विधालय	१२०००
२७	श्री भैरव प्राथमिक विधालय	१२०००
२८	श्री मोति प्राथमिक विधालय	१२०००
२९	श्री राधाकृष्ण प्राथमिक विधालय	१२०००
३०	श्री जलदेवी प्राथमिक विधालय	१२०००
३१	श्री कालिकादेवी प्राथमिक विधालय	१२०००

३२	श्री जनप्रिय प्राथमिक विधालय	१२०००
३३	श्री थानीवन प्राथमिक विधालय	१२०००
३४	श्री थानी प्राथमिक विधालय	१२०००
३५	श्री अकलादेवी प्राथमिक विधालय	१२०००
३६	श्री बालज्योति प्राथमिक विधालय	१२०००
३७	श्री रो अल्बर्ट बाल विकास केन्द्र	१२०००
	जम्मा	४४४०००।-

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।

- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।

- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।

- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।

- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्ने सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।

- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।

- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।

- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।

- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई

व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकाले आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालनऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालनतथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धि कार्य पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरी लागु गर्नुपर्दछ ।
- पालिकाले विद्यालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ति गरी सामुदायिकविधालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।
- पालिकाले ठेक्का लाग्नु पूर्व पर्याप्त स्रोतको व्यवस्था गरी सार्वजनिक वित्तका विभिन्नमोडल अपनाई(विकास साझेदार) संग समन्वय सहकार्य गरी वित्त परिचालन र सञ्चालनकोमोडालिटी लागत लाभ विश्लेषण गरी मात्र योजना सञ्चालन गर्नुपर्दछ । सो नगरी कार्य गर्दा योजना अलपत्रपर्ने र लगानी जोखिममा पर्ने हुँदा सार्वजनिक खरिद ऐनको पालना गरी यस योजनालाईसम्पन्न गरी वहुउद्येश्य परिपूर्ति गर्नमा पालिकाको ध्यान जानुपर्दछ ।